चाडपर्वको बेला सवारी साधनमा भीडभाड नगरौं, मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं। दुर्घटनाबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

epratekdaily.com



अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३६ ❖ २०७९ असोज ०७ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 September 23 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३६

## ४८ जनाले मात्र पर्सामा निर्वाचन खर्च बुझाए

प्रस, वीरगंज, ६ असोज/

स्थानीय निर्वाचनमा पर्सा जिल्लाबाट कार्यपालिका सदस्यको निर्वाचनमा सहभागी भएका थिए। त्यसमध्ये



निर्वाचन कार्यालय, पर्साका प्रवक्ता अरुण ठाकुर। तस्वीरः प्रतीक

उम्मेदवार रहेका तीन हजार २९८ जनामध्ये ४४ जनाले मात्र खर्च विवरण प्रस्तुत गरेका छन् भने खर्च विवरण नबुझाएका एक हजार ३१३ जनाले स्पष्टीकरण पेश गरेका छन्।

खर्च विवरण नबुझाउनेहरूलाई निर्वाचन आयोगले स्पष्टीकरण सोधेको र त्यसमध्ये एक हजार ३१३ जनाले स्पष्टीकरण पेश गरेको जिल्ला निर्वाचन कार्यालय, पर्साका प्रवक्ता अरुण ठाकुरले बताए।

उनले स्थानीय चुनावपछि १८ जना जिल्ला समन्वय समिति र १६० जना जिससबाट सहभागी सातजनाले स्पष्टीकरण बुझाएको र १६० जना कार्यपालिका सदस्यमध्ये चारजनाले मात्र तोकिएको समयमा खर्च विवरण प्रस्तुत गरेको तथा ८५ जनाले स्पष्टीकरण बुझाएको प्रवक्ता ठाकुरले बताए।

निर्वाचन आयोगले निर्वाचन परिणाम घोषणा भएको मितिले ३० दिनभित्र खर्च विवरण पेश गर्न उम्मेदवारहरूलाई समय प्रदान गरेको थियो। सो समयमा पर्सा जिल्लाबाट कुल तीन हजार ४७६ जना उम्मेदवार रहेकामा ४८ जनाले मात्र समयमा खर्च विवरण पेश गरेको बताए। प्रवक्ता ठाकुरले समयमा खर्च नबुझाउनेहरूको हकमा आयोगले जरिवाना तोकेको बताए।

उनले महानगरका प्रमुख, उपप्रमुखको हकमा सात लाख ५० हजार, वडाध्यक्ष, सदस्यहरूको हकमा तीन लाख, नगरपालिकाका प्रमुख, उपप्रमुखको हकमा चार लाख ५० हजार, वडाध्यक्ष, सदस्यको हकमा तीन लाख, गाउँपालिका अध्यक्ष, उपाध्यक्षको हकमा तीन लाख ५० हजार र वडाध्यक्ष, सदस्यहरूको हकमा एक लाख ५० हजार जरिवाना तोकिएको बताए। स्पष्टीकरण पेश गर्नेहरूले आफूलाई थाहा नभएको, स्वास्थ्य समस्या भएको जस्ता कारणहरू उल्लेख गरेका प्रवक्ता ठाकुरले बताए।

खर्च विवरण नदिएका सबैलाई स्पष्टीकरण सोधिएको र आयोगको निर्देशन अनुसार जरिवाना हुने बताए।

प्रवक्ता ठाकुरले आगामी सङ्घीय र प्रदेशसभा निर्वाचनको लागि पर्सा जिल्लाका चारवटै निर्वाचन क्षेत्रमा कार्यालय खोलिएको बताए। वीरगंज महानगरमा क्षेत्र नं १ र २ को कार्यालय तथा क्षेत्र नं ३ को कार्यालय पोखरिया नपा र क्षेत्र नं ४ को निर्वाचन कार्यालय जीराभवानी गापामा खोलिएको उनले जानकारी गराए।

## अल्जाइमरबाट जोगिन खानपानमा ध्यान दिऔं -डा गुप्ता

प्रस, वीरगंज, ६ असोज/

ज्येष्ठ नागरिक सङ्घ, पर्साको




तस्वीरः प्रतीक

आयोजना तथा वीरगंज महानगरपालिकाको प्रायोजनमा २१ सेप्टेम्बरमा मनाइने विश्व अल्जाइमर दिवस मनाइएको छ।

दिवसको अवसरमा आयोजित कार्यक्रममा नेशनल मेडिकल कलेज शिक्षण अस्पतालका मनोचिकित्सक डा अनुपकृष्ण गुप्ताले औषधिभन्दा पनि खानपानमा सतर्कता अपनाएको खण्डमा अल्जाइमरबाट उन्मुक्ति पाइने बताए। उनले रोग लागेकाहरूले खानपानमा विशेष ध्यान दिएको खण्डमा रोग निको हुन सक्ने र नलागेकाहरूले पनि खानपानमा ध्यान दिए रोग लाग्ने सम्भावना न्यून हुने बताए।

डा गुप्ताले मधुमेहरोगी र ७० वर्ष उमेर पुगेकाहरूमा यो रोग लाग्ने सम्भावना बढी हुने गरेको भन्दै औषधिभन्दा पनि खानपानमा विशेष ध्यान दिन उनले सुझाव दिए।

डा गुप्ताले आजभोलि घरको खानाभन्दा बाहिरको खाना खाने प्रचलन बढेकाले यो रोगलाई निम्तो दिने काम भइरहेको भन्दै घरको खानामा विशेष ध्यान दिन आग्रह गरे। उनले अल्जाइमर भएकाहरूले माछामासु, सागपात र गेंडागुडी खाँदा फाइदा पुग्ने बताए।

प्रमुख जिल्ला अधिकारी उमेशकुमार



तस्वीरः प्रतीक

ढकालले ज्येष्ठ नागरिक सङ्घ, पर्साले ज्येष्ठ नागरिकहरूको स्वास्थ्यप्रति विशेष चासो राख्दै कार्यक्रम आयोजना गर्ने गरेको र कार्यक्रममा पोषणयुक्त खानाको व्यवस्था गरेकोमा आफू प्रभावित भएको बताए। उनले अल्जाइमर रोगबाट उन्मुक्ति हुनको लागि चिकित्सकले दिएको सुझावलाई अनुसरण गर्न आग्रह गरे।

'डिमेन्सिया बुझौं, अल्जाइमर बुझौं र लक्षण देखिएपछि सतर्कता अपनाऔं' यस वर्षको नारा रहेको छ।

कार्यक्रममा डा रामऔतार खेतानले अल्जाइमर रोगबारे प्रकाश पारेका थिए।

वीरगंज महानगरका निमित्त प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले ज्येष्ठ नागरिक सङ्घ, पर्साले गरेको कार्यक्रमको प्रशंसा गरे। उनले यो उमेर समूहका मानिसहरू सहभागी गराएर ज्येष्ठ नागरिक सङ्घले निरन्तररूपमा कार्यक्रम आयोजना गरेकामा खुशी व्यक्त गर्दै महानगरबाट हुने सहयोगलाई निरन्तरता दिने बताए।

ज्येष्ठ नागरिक सङ्घ, पर्साका अध्यक्ष जगदीशप्रसाद शर्माको अध्यक्षतामा भएको कार्यक्रममा सहभागी ज्येष्ठ नागरिकहरूले चिकित्सकसँग अल्जाइमर रोगबारे जिज्ञासा राखेका थिए।

कार्यक्रममा प्रहरी उपरीक्षक रमेश बस्नेत, सशस्त्र प्रहरी उपरीक्षक तेजप्रसाद पोखरेलगायतको सहभागिता थियो।

## कर्जासम्बन्धी मार्गदर्शनविरुद्ध आन्दोलन गर्ने उवासङ्घको चेतावनी

प्रस, वीरगंज, ६ असोज/

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७९/८० को कात्तिक १ गतेदेखि लागू गर्ने चालू कर्जासम्बन्धी मार्गदर्शन २०७९




तस्वीरः प्रतीक

को विरोधमा देशभरिका उद्योगी-व्यापारीहरूले आन्दोलन गर्ने बताइएको छ।



नेराबैंक, वीरगंजका प्रबन्धकलाई ज्ञापन बुझाउँदै उद्योगीहरू। तस्वीरः प्रतीक

उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेश कार्यालयले बिहीवार वीरगंजमा आयोजना गरेको चालू पूँजी कर्जासम्बन्धी मार्गदर्शन २०७९ : निजी क्षेत्रको सरोकार अन्तर्संवाद कार्यक्रममा सहभागी उद्योगी-व्यापारीहरूले नेपाल राष्ट्र बैंकको नीतिका कारण बैंकहरू मोटाउने र उद्योग-व्यापार धराशयी हुने भएकाले यो नीतिविरुद्ध देशभरिका उद्योगी-व्यापारी एकजुट भई सडकमा आउनुपर्नेमा जोड दिए। नेपाल राष्ट्र बैंकले जारी गरेको नीति बैंकहरूले अवलम्बन गरे देश नै धराशयी हुने उद्योगी-व्यापारीहरूको भनाइ थियो। हिजोसम्म उद्योगी-व्यापारीहरूको घरघरमा पुगेर आफ्नो बैंकको व्यापार बढाइदिन आग्रह गर्दै हिंड्ने बैंकरहरू यो नीतिपछि प्रत्येक वर्ष बैंकको ऋण चुक्ता गर्न ताकेता गर्नेछन्। बैंकहरू उद्योग-व्यापारमा सहजताका लागि ऋण प्रवाह गर्न गठन भएका हुन् तर यो नीतिले उद्योगी-व्यापारीदेखि आमउपभोक्तासम्म मारमा पर्ने कार्यक्रममा वक्ताहरूले बताए। निजी क्षेत्रसँग सहकार्य, छलफल नै नगरी नेराबैंकले यो नीति ल्याएकोले चुनावअघि नै सडकमा उत्रेर चर्को विरोध गर्ने कार्यक्रममा सहभागी उद्योगी-व्यापारीहरूले बताए। हिजो शान्ति सुरक्षा, करलगायत अन्य विषयलाई लिएर उद्योगी-व्यापारीहरू सडकमा आएकै हुन्, यो नीतिविरुद्ध पुनः देशभरिका उद्योगी-व्यापारीहरू विरोधका लागि सडकमा नआउनुको विकल्प नरहेकोसमेत बताए। कोभिडका कारण देशभरिका उद्योग-व्यापार डुबिरहेको अवस्थामा अहिले अर्थतन्त्र झिनो माथि गइरहेको बेला यो नीतिका कारण झनै तल झर्ने उद्योगी-व्यापारीहरूको ठहर छ।

बैंकहरूको ताकेता तथा विभिन्न बहानामा अवैध रकम दिनुपर्ने अवस्थाबाट गुज्रिरहेका उद्योगी-व्यापारीहरू यो नीतिपछि सबै उद्योग-व्यापार नै बन्द गर्नुपर्ने अवस्था आउने बताए। यस नीतिका कारण कृषिमा आधारित उद्योग तत्कालै बन्द गर्नुपर्ने अवस्था आउँछ र उपभोक्ताहरू झनै समस्यामा पर्ने उनीहरूको तर्क थियो।

कार्यक्रममा प्रमुख अतिथि नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष दिनेश श्रेष्ठले नेराबैंकले लागू गर्न लागेको नीति आफूहरूले कुनै पनि हालतमा लागू गर्न नदिने बताए। केन्द्रीय कमिटीमा यस नीतिबारे छलफल भइरहेको र चाँडै नै देशव्यापी आन्दोलन चर्काउने उनको भनाइ थियो। यस नीतिका अनुसार बैंकले प्रतिवर्ष कर्जालाई ० प्रतिशतमा झार्ने, एक हप्तामा पुनः कर्जा दिने तर नगद

(बाँकी अन्तिम पातामा)

## बारामा ४४ जना डेङ्गुका बिरामी

प्रस, बारा, ६ असोज/

बारामा डेङ्गुका बिरामी बढ्न थालेको छ। गत भदौ २८ गतेदेखि अहिलेसम्म डेङ्गुका ४४ जना बिरामी फेला परेको जिल्ला जनस्वास्थ्य कार्यालयका निमित्त प्रमुख रामनरेशप्रसाद यादवले बताए। उनले बताए अनुसार जनस्वास्थ्य कार्यालयमा ९, कलैया अस्पतालमा ११ जना र निजगढमा २४ जनामा डेङ्गुका बिरामी फेला परेका छन्।

बिरामीलाई परीक्षण गर्न कीटको अभाव भएपछि कीट आपूर्तिका लागि सम्बन्धित निकायलाई जानकारी गराएको यादवले बताए। बिरामीको सङ्ख्या अझै बढ्न सक्ने उनले बताए। अहिलेसम्म बारामा डेङ्गुबाट कसैको पनि मृत्यु भएको छैन। डेङ्गुबाट बच्न घर वरपर सरसफाइ, पूरै शरीरभरि कपडा लगाउन, खाल्डाखुल्डीमा पानी जम्न नदिन र सावधानी अपनाउनुपर्छ।

## निकुञ्ज खण्डमा सडक निर्माणको सहमति

प्रस, ठोरी, ६ असोज/

वन तथा वातावरण मन्त्रालयले अन्ततः वीरगंज-ठोरी-माडी-जगतपुर हुँदै भरतपुर जोड्ने हुलाकी राजमार्ग अन्तर्गत निकुञ्ज खण्डमा सडक बनाउन वातावरणीय प्रभाव अध्ययनको सहमति दिएको छ।

मन्त्रालयले चितवन राष्ट्रिय निकुञ्ज खण्डको ध्रुवघाट-वनकट्टा हुलाकी सडक निर्माणका लागि वातावरणीय प्रभाव अध्ययन सहमति प्रदान गर्दै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई पत्राचार गरेको हो।

त्यस्तै, बाँदरझुलावासीको आग्रह र वातावरणीय दृष्टिले समेत उपयुक्त हुने ठहर गर्दै बगही-प्याउली-कुसुमखोला-बाँदरझुला हुँदै ठोरी जोड्ने गरी हुलाकी सडक निर्माणका लागि पनि वातावरणीय प्रभाव अध्ययनको सहमति दिइएको छ।

सहमतिपत्रमा निकुञ्जभित्र वनकट्टाबाट ध्रुवघाटसम्म सडक निर्माण गरी ध्रुवघाटमा राप्ती नदीमा नयाँ पुल निर्माण गर्दा र पूर्वतर्फ बगहीबाट कुसुमखोला हुँदै बाँदरझुलातर्फ हुलाकी सडक बनाउँदा जैविक विविधतामा कम प्रभाव पर्ने सुझाव दिइएको देखिन्छ।

यसबाहेक राप्तीदेखि रिउसम्मको निकुञ्ज खण्डमा वन्यजन्तुको आवतजावतका लागि सकेसम्म अन्डरपासको निर्माण गर्नुपर्ने, वातावरणीय प्रभाव अध्ययन कार्यमा निकुञ्ज, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, स्थानीय समुदायको प्रतिनिधि र वातावरण विज्ञको समेत सहभागिता रहनुपर्ने र इलेभेटेड हाइवेलाई समेत विकल्पका रूपमा अध्ययन गर्नुपर्नेलगायतका शर्तहरू राखिएका छन्।

माडीवासीको वर्षौंदेखिको व्यग्रता, माडी नगरपालिका र यहाँका दलहरूको दर्जनौं डेलिगेशन, वडाध्यक्ष कृष्ण पौडेलको अनशन र पूर्वप्रधानमन्त्री प्रचण्डको लगातारको ताकेतापछि अन्ततः वन मन्त्रालयले निकुञ्जभित्र हुलाकी सडक निर्माणका लागि वातावरणीय प्रभाव अध्ययनको सहमति दिएको हो।

## विचारसार र सूक्तिहरू

**सन्तापबाट रूप नष्ट हुन्छ, बल नष्ट हुन्छ, ध्यान नष्ट हुन्छ र दुःख पछि लाग्छ ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# नेपाल टेलिकमको सेवा

**नेपाल टेलिकमको सेवाप्रति ग्राहकको गुनासो बढ्दो छ । पहिलो कुरा त टेलिकमको सेवा प्राप्त गर्न गाह्रो । जहाँ नेटवर्क तथा सञ्जाल विस्तार भएको छैन, त्यहाँ विस्तार गर्ने काम सेवाप्रदायक कम्पनीको हो । टेलिकमको सेवा निश्शुल्क होइन । व्यावसायिक प्रतिस्पर्धाको हिसाबले उसले तदारूकता देखाउनुपर्ने हो । अर्कोतर्फ नेपाल सरकारको स्वामित्वमा रहेको संस्थाको जिम्मेवारी सम्पूर्ण नेपाली सञ्चार सुविधाबाट वञ्चित हुन नपरोस् भन्ने पनि छ । तर व्यवहारमा यस्तो देखिएन । टेलिकमको नेटवर्क नभएको स्थानमा एउटा टावर स्थापना गर्नका लागि वर्षौं कुर्नुपर्छ । मन्त्री, पार्टीका नेतालगायतको पहुँच नलगाइ टेलिकमका अधिकारीले सुन्दैनन् । त्यसैगरी, टेलिकमको इन्टरनेट सेवा दिने फाइबर टु दी होम (एफटिटिएच) प्वाइन्ट विस्तार सुस्त छ । ग्राहकले पटकपटक आग्रह गर्दासमेत प्वाइन्ट विस्तार गरिँदैन । विकल्पमा निजी कम्पनीहरूले भने ग्राहक भएको सम्भावित क्षेत्र खोजीखोजी प्वाइन्ट विस्तार गरिरहेका छन् । शुल्क महँगै भएपनि मुलुकमा निजी कम्पनीको विस्तार र लोकप्रियता यत्तिकै बढेको होइन । टेलिकमको अकर्मन्यताका कारणले हो । टावर निर्माण भएपछि सेवा सुचारुका लागि सरकार खुशी पार्ने ध्याउन्नमा टेलिकमका अधिकारीहरू हुन्छन् । सकभर कुनै गतिलै मन्त्री उद्घाटनका लागि आइदिनुपर्छ । मन्त्री आउने साइत जुरेन भने वर्षौंसम्म पनि सेवाविनाको टावर ठिङ उभिएर मात्रै रहन्छ ।**

**सेवाप्रवाह भएका स्थानमा सेवाको गुणस्तरीयता एवं जवाफदेहिता छैन । मोबाइल प्रयोगकर्ता ग्राहकले भ्वाइस कलको लागि लिएको सापटीभन्दा बढी रकम कटेको, एकपटक सापटी लिएकोमा दुईपटक ब्यालेन्स कटेकोलगायतका गुनासाहरू पुराना हुन् । यही साता ५२० मिनेटको २८ दिने 'अल भ्वाइस प्याक' लिएर २०० मिनेट कुरा गर्दा समय बाँकी रहेकै अवस्थामा प्याकेज सकिएको वीरगंजका ग्राहकको गुनासो छ । त्यसैगरी, इन्टरनेट डाटा प्याक लिंदा समयभन्दा पहिले नै डाटा सकिएको सूचना आउनेलगायतका गुनासाहरू सार्वजनिक भएका छन् । अकस्मात् सेवा अवरुद्ध हुने, ग्रामीण क्षेत्रहरूमा पटकपटक सेवा अवरुद्ध हुनेलगायतका गुनासाहरू छन् । उक्त गुनासाहरू समाधान भएका छैनन् । कुनै कमीकमजोरी हुनु वा गुनासाहरू आउनु अनौठो कुरा होइन । तर गुनासा आएपछि त्यसलाई जिम्मेवार पक्षले कसरी लियो भन्ने महत्त्वपूर्ण कुरा हो ।**

**गुनासाका लागि टेलिकमले दिएको नम्बरमा फोन उठ्नु नै ग्राहकले अहोभाग्य ठान्नुपर्ने अवस्था छ । फोन उठे पनि उसले अर्को शाखाको जिम्मेवारी भन्दै टार्छ । सेवाग्राहीले हैरानी खेप्नुभन्दा गुनासाको एकद्वार प्रणाली हुनुपर्नेमा त्यसो हुँदैन । कुनै कर्मचारीले मनोज्ञानले कल फरवार्ड गरिदिए पनि त्यहाँ रिसिभ हुँदैन । टेलिकममा कतिसम्म लापरवाही हुनेरहेछ भन्ने कुरा केही दिन पहिले टेलिकमको फेसबूक पेज ह्याक घटनाले उजागर गरिसकेको छ । ग्राहकप्रति कति जिम्मेवार छन् भन्ने कुरा एनटिसी र निजी मोबाइल सेवा कम्पनीका रिचार्ज कार्ड हेरे पुग्छ । सिमकार्डको पछाडि दिइएका निर्देशनहरू किन यति साना अक्षर बुझ्नै गाह्रो हुनेगरी राखिन्छ ? सबै ग्राहकले पावरवाला चश्मा लगाएका हुँदैनन् । कार्यालयका कर्मचारीहरूको व्यवहार कुनै जङ्गी अधिकारीको जस्तो पाइन्छ । टेलिकमको सेवा सुधारका लागि सबैभन्दा पहिले यसको सोच, नीति साथै आबद्ध अधिकारी एवं कर्मचारीहरूको व्यवहार ग्राहकमुखी हुनुपर्छ ।**

# राष्ट्रपतिको निर्णय चर्को विवादमा

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**नागरिकता विधेयक संविधानको परिधिभित्र रहेर तथा अदालतको आदेशमा ल्याइएको हो । चुनावको मुखमा मात्रै यो विधेयक ल्याइनु सत्ताधारी गठबन्धनको निहित राजनीतिक षड्यन्त्र हो । साथै यो मतको स्वार्थबाट ग्रसित र जनतालाई छल्ने नियतबाट ल्याइएको मान्नुपर्छ ।**

दोस्रोपटक पनि संसद्को दुवै सदनबाट पारित नागरिकतासम्बन्धी विधेयक राष्ट्रपति विद्यादेवी भण्डारीको अनिच्छाका कारण पारित हुन सकेन । संविधानको संरक्षक र पालकको जिम्मेवारी बोकेको व्यक्तिबाट दलीय मानसिकताको आधारमा निर्णय आउनु दुर्भाग्यपूर्ण हो । जातिवाद, परिवारवाद, नातावाद र भ्रष्टाचारमा संलग्न रहेकाहरू नै देशको संसद्मा बढी सङ्ख्यामा पुग्ने गरेका कारण तथा संसद्मा हुने गरेका अस्वस्थ प्रतिवादका कारण विधायिकामाथि पनि प्रश्नचिह्न उठ्दै आएको छ । सरकारका मन्त्रीहरू समय–समयमा भ्रष्टाचारमा सामेल भएका अडियो–भिडियोहरू सार्वजनिक हुँदै आएका छन् । न्यायपालिका स्वयम् नै आलोचित भइरहेको वर्तमान अवस्थामा राष्ट्रपतिबाट संविधानको रक्षकको भूमिका निर्वाह हुनुपर्ने वाञ्छनीय देखिन्छ तर त्यस्तो हुन सकिरहेको छैन । मधेसकेन्द्रित राजनीतिक दलहरू र सत्ताधारी गठबन्धनका अधिकांश दलले पनि राष्ट्रपतिको यस कदमको विरोध नै गरिरहेका छन् । सम्भवतः संसद् अस्तित्वमा रहेको भए उनीमाथि महाअभियोग नै लाग्ने थियो । नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओली नेतृत्वको सरकार अस्तित्वमा रहेको बखत कुनै पनि विधेयकलाई स्वीकृत गर्न अलिकति पनि समय नलगाउने वर्तमान राष्ट्रपति अहिले १५ दिनमा पनि विधेयकको अध्ययन नसकेर दोस्रोपटक फिर्ता गरेकी छन् । देशका कानूनविद्हरूले पनि राष्ट्रपतिको यस कदमको चर्को आलोचना गरिरहेका छन् ।

राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकता विधेयक प्रमाणीकरण नगरी संविधानको उल्लङ्घन गरेको भन्दै सर्वोच्च अदालतमा रिट परेको छ । विधेयक प्रमाणीकरण आदेशको माग गरी सर्वोच्च अदालतमा रिट दायर भएको छ । विधेयक प्रमाणीकरण नहुँदा हजारौं नेपाली नागरिकताबाट वञ्चित भएको भन्दै प्रमाणीकरणका लागि आदेश दिन रिट निवेदनमा माग गरिएको छ । प्रतिनिधिसभा विघटनको निर्णयलाई दोस्रोपटक पनि आँखा चिम्लेर समर्थन गर्ने सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश अनुपराज शर्माले यसबारे आफ्नो टिप्पणी गर्दै संविधानले दोस्रोपटक आएको विधेयकलाई प्रमाणीकरण गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ तर गरेन भने प्रमाणीकरण गरेको मानिनेछ भनेको छैन । विवाद उत्पन्न हुँदा संविधानको व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतलाई मात्रै रहेकोले सर्वोच्च अदालतमा रिट दायर भएको हुन सक्छ ।

विधेयक संविधानसम्मत छ, छैन यो हेर्ने अधिकार सर्वोच्च अदालतलाई मात्र हुन सक्छ । राष्ट्रपतिले आफ्नो पुनर्विचार गर्ने अधिकारको उपभोग गरिसकेका छन् । संविधानमा पुनर्विचारका लागि आएको विधेयकमा संशोधन वा हूबहू आए पनि दोस्रोपटक प्रमाणीकरण गर्न भनेको छ । तर उनले १५ दिनभित्र त्यसो गर्नुभएन । यो एक किसिमले उल्लङ्घन हो । संविधान अनुसार भयो कि भएन यो हेर्ने काम राष्ट्रपतिको होइन । विगतमा अध्यादेशलाई पनि तुरुन्त स्वीकृति प्रदान गर्ने राष्ट्रपतिले अहिले आएर दुईपटक सदनबाट पारित विधेयकलाई स्वीकृति प्रदान नगर्नुको अर्थ कुनै दलविशेष र व्यक्तिको प्रभावमा आएर त यस्तो निर्णय गरेका होइनन् भनी प्रश्न उठ्नु अस्वाभाविक होइन । सम्भवतः आमनिर्वाचनपछि आउने नयाँ सरकारले यस विधेयकलाई पुनः संसद्मा ल्याउने सम्भावना उत्पन्न भएको छ र राष्ट्रपतिको काम, कर्तव्य र अधिकारको सम्बन्धमा पनि नयाँ तरीकाले ऐन–कानून आवश्यक छ । जब संविधानका रक्षकहरू नै यस्ता पाइला चाल्नेछन् भने अन्यबाट कस्तो अपेक्षा राख्ने ?

पूर्वराष्ट्रपति डा रामवरण यादवले पनि संस्थाको मर्यादा, गरिमा र कर्तव्यलाई बुझेर नै काम गर्नुपर्दथ्यो तर यस मामिलामा चूक त भएकै हो । एक किसिमले संविधानको उल्लङ्घन नै भएको हो भनेका छन् । पूर्वराष्ट्रपति डा यादवले बेलायत, भारत, अमेरिकालगायतका लोकतान्त्रिक मुलुकहरूको परम्परा र संविधानविद् तथा कानूनविद्हरूसँग परामर्श गरेर विधेयकलाई प्रमाणीकरण नगरेको भन्दै राष्ट्रपति भण्डारीप्रति असन्तुष्टि व्यक्त गरे । केपी ओली नेतृत्वको सरकारले संविधानविपरीत प्रतिनिधिसभा भङ्ग गर्दा दलीय गठबन्धन, नागरिक समाज, बुद्धिजीवी, सञ्चार क्षेत्र र आम नेपाली जनताले नै संविधान बचाएको भन्दै नेपाली जनताले फेरि पनि संविधान बचाउन अगाडि आउनुपर्ने आवश्यकता औंल्याएका छन् ।

उपराष्ट्रपति नन्दकिशोर पुनले पनि संविधानको पालन र संरक्षणको जिम्मेवारीमा रहेकाहरूलाई संविधानको दायराभन्दा बाहिर जान छुट कसैलाई पनि छैन । संविधानको पालन र संरक्षणका लागि सबैसित सहयोगका लागि आग्रह गर्दै राष्ट्रपतिको कदमप्रति एक किसिमले असन्तुष्टि नै जनाएका छन् । राष्ट्रपति भण्डारीको आफू महाअभियोग सामना गर्न तयार रहेको तर नागरिकता विधेयक प्रमाणीकरण गर्ने पक्षमा नरहेको प्रतिक्रिया आउनु कुनै खास समुदाय वा व्यक्तिमाथि राष्ट्रपतिको बक्रदृष्टि हुनुले साझा संस्था अथवा संविधान संरक्षणको काम हुन सक्दैन ।

सत्ताधारी पाँच दलीय गठबन्धनमध्ये संयुक्त जनमोर्चाबाहेक चार दलले संयुक्त विज्ञप्ति जारी गर्दै राष्ट्रपतिको कदमको चर्को आलोचना गरेका छन् । राष्ट्रपतिले संविधानको पालना र संरक्षण गर्नुपर्नेमा संवैधानिक व्यवस्थामाथि नै प्रहार गर्नुभएको छ भन्दै सत्ताधारी गठबन्धनले राष्ट्रपतिको यो गैरसंवैधानिक कदमबाट जनताले निर्वाचित गरेको सङ्घीय संसद्को घोर अपमान र अवमूल्यन भएको छ, भनिएको छ ।

राष्ट्रपतिको कदमबाट एकातिर नागरिकता प्राप्त गरिसकेका नेपाली आमाबुबाका सन्तान नागरिकता प्राप्त गर्ने संवैधानिक हकबाट वञ्चित भएका छन् भने अर्कोतिर जनतामा निहित सार्वभौमसत्ता, संवैधानिक सर्वोच्चता र लोकतान्त्रिक शासन व्यवस्थाका आधारभूत मूल्य–मान्यतामाथि गम्भीर प्रहार भएको छ, भनिएको छ ।

नेकपा एमालेले भने राष्ट्रपतिको बचाउ गरेको छ । संसद्मा केही पनि नबोल्ने, रोस्टम पनि नघेर्ने, राष्ट्रियसभामा उसकै अध्यक्षले विधेयक पनि दर्ता र पारित हुन दिने तर राष्ट्रपतिलाई अघि सारेर आफ्नो निहित स्वार्थपूर्ति गर्ने एमालेको सक्कली अनुहार उदाङ्गिएको छ । नेकपा एमाले एकपटक फेरि मधेसी–पहाडीको जातीय उन्माद र भारतविरोधी छद्म राष्ट्रवादको नारा अघि सारेर चुनाव जित्न चाहन्छ । तराई–मधेसका धेरैजना नेकपा एमाले प्रवेश गरेका छन् । ती नवप्रवेशीहरूले आआफ्नो जातिका मत त पाउन सक्लान् तर समाज र समुदायको मत पाउन गाह्रो हुनेछ । किनभने नेकपा एमालेले नै प्रस्ट सङ्केत गरिसकेको छ कि उसलाई तराई–मधेसबाट जनसमर्थन प्राप्त नभए पनि पुग्छ ।

अहिले चर्चामा आएको नागरिकता विधेयक गत वर्ष अध्यादेशको रूपमा आउँदा त राष्ट्रपति विद्यादेवी भण्डारीलाई कुनै समस्या थिएन । त्यति बेला राष्ट्रियतामाथि पनि प्रहार भइरहेको जस्तो लागेको थिएन तर हूबहू त्यही विधेयक संसद्को दुवै सदनबाट पारित हुँदा किन समस्या भएको होला ? कतै उनलाई पाँच दलीय गठबन्धनको सरकार अस्तित्वमा आएको कुरा नै मन परेको छैन ? कतै प्रतिनिधिसभा विघटनको सिफारिशलाई उनले दुई/दुई पटक स्वीकृति प्रदान गरे पनि त्यो अदालतबाट खारेज भएको मन परेन कि ? कहिले सभामुखमाथि महाअभियोगको कुरा, कहिले प्रधानन्यायाधीशमाथि महाअभियोग तथा कहिले प्रधानमन्त्रीमाथि अविश्वास प्रस्ताव अर्थात् व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाका प्रस्ताव अर्थात् व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाका प्रमुखको निष्ठा शङ्काको घेरामा परेकै हो । संविधानको संरक्षकमाथि पनि महाअभियोगको विषय चर्चामा आउनु दुर्भाग्यपूर्ण हो । कतै नेपालमा योग्य व्यक्ति, सही समयमा सही ठाउँमा नपुग्नु नै सबै समस्याको कारण त होइन ? नागरिकता विधेयक संविधानको परिधिभित्र रहेर तथा अदालतको आदेशमा ल्याइएको हो । चुनावको मुखमा मात्रै यो विधेयक ल्याइनु सत्ताधारी गठबन्धनको निहित राजनीतिक षड्यन्त्र हो । साथै यो मतको स्वार्थबाट ग्रसित र जनतालाई छल्ने नियतबाट ल्याइएको मान्नुपर्छ ।

# सञ्चारका नयाँ अनलाइनका माध्यमबाट झूटा र भ्रमपूर्ण सूचनाको प्रसार हुनु चुनौतीपूर्ण –राष्ट्रपति भण्डारी

काठमाडौं, ६ असोज/रासस

राष्ट्रपति विद्यादेवी भण्डारीले सूचना र सञ्चारका क्षेत्रमा भएका नयाँ प्रविधिको विकाससँगै देखा परेको सञ्चारका नयाँ अनलाइनका माध्यमबाट झूटा र भ्रमपूर्ण सूचनाको प्रसार हुनु चुनौतीको विषय भएको बताएकी छन् ।

प्रेस काउन्सिल नेपालको ५३औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति भण्डारीले विश्वव्यापी चुनौतीका रूपमा रहेको सञ्चारका अनलाइन माध्यमलाई बढी मर्यादित र प्रभावकारी बनाउनका लागि काउन्सिलले अनलाइन सञ्चालन गर्नुअघि अनिवार्य अभिमुखीकरणको व्यवस्था गरेकामा खुशी व्यक्त गरिन् ।

राष्ट्रपति भवन शीतल निवासमा भएको उक्त समरोहमा उनले पत्रकारिताको पेशागत आचरण कायम राखी स्वच्छ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकासका लागि प्रेस काउन्सिल स्थापना गरिएको स्मरण गर्दै त्यसका लागि उक्त संस्थाले निरन्तर भूमिका खेलिरहने पनि बताइन् ।

पत्रकारको अभिभावक संस्था काउन्सिलले पत्रकार आचारसंहिताको पालना गर्ने पत्रकारलाई पुरस्कृत गर्ने र उल्लङ्घन गर्नेलाई कारबाही गर्दै आएको भन्दै प्रशंसा गरिन् ।

समारोहमा उनले संविधानले सुनिश्चित गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न र सुदृढ तुल्याउन संवैधानिक प्रावधानलाई राज्यका सबै अङ्गले गम्भीरतापूर्वक पालना गर्नुपर्ने बताइन् ।

राष्ट्रपति भण्डारीले स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको र आगामी मङ्सिर ४ गते हुन लागेको सङ्घ तथा प्रदेशसभाको आवधिक निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र स्वतन्त्र वातावरणमा सम्पन्न गर्न नागरिक समुदायका रूपमा रहेको पत्रकारिता क्षेत्रले प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरिन् ।

**निर्वाचन सफल बनाउन सरकारले पत्रकारसँग ठूलो अपेक्षा राखेको छ – सञ्चारमन्त्री कार्की**

समारोहमा सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले लोकतन्त्रको जगका रूपमा रहेको स्थानीय सरकार निर्माण भइसकेको स्मरण गर्दै आगामी मङ्सिर ४ मा हुने निर्वाचनमा पत्रकारको अझै ठूलो योगदानको अपेक्षा रहेको बताए ।

मन्त्री कार्कीले भने, "हामी अब प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको संघारमा छौं, तपाईं पत्रकार र प्रेस काउन्सिलको अझै बढी योगदान समाजले चाहेको छ, सरकार स्वतन्त्र, निष्पक्ष, धाँधलीरहित र विश्वसनीयरूपमा निर्वाचन सम्पन्न गराइ जनमतमार्फत मुलुकलाई समृद्धिको बाटोतर्फ अग्रसर गराउने आकाङ्क्षालाई सफल बनाउन प्रतिबद्ध छ ।" उनले त्यसका लागि सकारात्मक योगदान गर्न आग्रह गरे ।

प्रेस काउन्सिल कुन उद्देश्यका साथ स्थापना भएको हो र त्यो उद्देश्यमा काउन्सिल कति अघि बढेको छ, अहिलेको समयको चुनौतीलाई सामना गर्न कति सक्षम छ, त्यसतर्फ पनि विश्लेषण गर्नु जरुरी रहेको उनले औंल्याए । मन्त्री कार्कीले काउन्सिलप्रति समाजले अझै धेरै अपेक्षा गरेको बताउँदै प्रेरणाको स्रोत बन्न युवा पत्रकारलाई आग्रह गरे ।

**निष्पक्षता तथा तथ्यमा नै शङ्का हुनेगरी मिडियामा सामग्री आउँदा विश्वसनीयता नै खलबलियो –अध्यक्ष बस्नेत**

समारोहमा प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले राष्ट्रभित्र विविध समस्या उत्पन्न भएकाले राष्ट्रियताका सवालमा होस् वा देश निर्माणको अन्य अभियानमा सबै राजनीतिक शक्ति गम्भीर र सचेत हुनुपर्नेमा जोड दिए । उक्त अभियान सफल बनाउन सञ्चारजगत्को महत्त्वपूर्ण भूमिका हुने उनको भनाइ थियो ।

उनले मुलुकमा देखिएको नकारात्मक चिन्तनलाई सहमतिको बाटोमा ल्याउन भूमिका खेल्नुपर्ने भएकाले पर्याप्त ध्यान पुऱ्याउन सबै सञ्चारमाध्यमलाई आग्रह गरे ।

अध्यक्ष बस्नेतले को पत्रकार हो र को होइन भन्ने छुट्याउन गाह्रो भएको तथा निष्पक्षता एवं तथ्यमा नै शङ्का हुने गरी मिडियामा सामग्री आउँदा विश्वसनीयता नै खलबलिएको बताए । त्यसैले मिडियालाई बलियो बनाउनका लागि पनि विश्वसनीय पत्रकारिताको खाँचो रहेको उनले औंल्याए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## उपयोग गर्न नसकिएको पूँजी

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**सार्क राष्ट्रबाहेक अन्य राष्ट्रमा स्थायी बसोवास गरेर त्यहाँका नागरिकता लिइसकेका नेपालीहरूलाई (चुनावमा भाग लिन नपाउने– उम्मेदवार हुन नपाउने र मतदान गर्न नपाउने) नागरिकता दिने हो भने नेपालमा हवात्तै लगानी बढ्ने विश्वास गरिएको छ ।**

सवारी साधनहरूलाई इन्धनले गति दिएझैं राष्ट्रको अर्थतन्त्रलाई पूँजीले गति दिन्छ । पर्याप्त मात्रामा पूँजी छ भने मात्र राष्ट्रको आर्थिक विकासका लागि आवश्यक पर्ने अनेक भौतिक संरचना निर्माण गर्न सकिन्छ । विश्वका धनी देशहरू, पूँजीको पर्याप्तताले गर्दा नै प्रचुर मात्रामा आर्थिक विकास गरेर धनी भएका हुन् । देश र जनता धनी हुनका लागि राष्ट्रिय पूँजीको आकार ठूलो हुनैपर्छ ।

नेपालमा पूँजीको अभाव त छैन तर ठूला–ठूला संरचना निर्माण गर्न पर्याप्त पूँजी छैन । ठूला–ठूला जलविद्युत् गृह निर्माण गर्न, ठूला–ठूला कारखाना स्थापना गर्न र उच्च प्रवधि ल्याउन पर्याप्त पूँजी छैन ।

नेपालले स्वदेशमैं राष्ट्रलाई आवश्यक पर्ने कार, बस, ट्रक, ट्याक्टर, मोटरसाइकल उत्पादन गर्ने अटोमोबिल उद्योग स्थापना गर्न सक्छ । यो उद्योग स्थापना गर्न ठूलो पूँजी आवश्यक हुन्छ । यसका लागि आवश्यक ठूलो पूँजीको निर्माण नेपालले विदेशमा बसेका नेपालीहरूको बचत उपयोग गरेर गर्न सक्छ ।

अहिले ठूलो सङ्ख्यामा नेपालीहरू विदेशमा अस्थायी एवं स्थायी किसिमले बसिरहेका छन् । कतार, साउदी अरेबिया, मलेशिया, बहरेन, युनाइटेड अरब इमिरेट्स, दक्षिण कोरिया, जापानजस्ता देशहरूमा नेपालीहरू अस्थायी किसिमले बसेका छन् भने ग्रेट ब्रिटेन, क्यानाडा, अमेरिका, अस्ट्रेलियाजस्ता राष्ट्रमा अस्थायी र स्थायी दुवै किसिमले बसेका छन् ।

विदेशमा अस्थायी किसिमले बसोवास गरिरहेका नेपालीहरूले सानै अंशमा भए पनि बचत गरेका छन् जसको सही किसिमबाट उपयोग हुन सकेको छैन । उनीहरूको बचतको उपयोग उत्पादक क्षेत्रमा हुन सकिरहेको छैन । उनीहरूको बचतको उपयोग अर्ध एवं पूर्ण विलासी वस्तु खरीदमा भइरहेको छ । यो कारणले गर्दा पनि नेपालमा नयाँ–नयाँ उद्योगहरूको स्थापना कम, सुन–चाँदी पसलहरूको सञ्चालन ठूलो मात्रामा भएको छ । मलेशिया, कतार, साउदी अरेबिया आदिबाट कमाएर नेपाल लगेको पैसाको ठूलो अंश सुन–चाँदी खरीद गर्न, घडेरी खरीद गर्न, पक्की घर निर्माण गर्न, मीठो खान, राम्रो लगाउन, अर्थात् अनुत्पादक क्षेत्रमा उपयोग भइरहेको छ । उद्योगको क्षेत्रमा भइरहेको छैन, किन होला ? उद्योगको क्षेत्रमा किन भइरहेको छैन भने नेपालमा औद्योगिक विकासको वातावरण नै छैन । नेपालमा उद्योग र व्यापारले प्राथमिकता पाउन सकेको छैन। जसको सक्रियतामा उद्योग र व्यापारको विकास हुनुपर्ने हो त्यसको ध्यान यी क्षेत्रहरूमा नगएर अन्यतिर गएको छ। अर्थात् नेताहरू– जस्तै, शेरबहादुर देउवा, पुष्पकमल दहाल, माधव नेपाल, केपी ओली, उपेन्द्र यादवको ध्यान जहिले पनि केवल सत्तामा मात्र केन्द्रित रहन्छ। आफ्नो नेतृत्वको सरकार निर्माणमा केन्द्रित रहन्छ । पुनः पुनः देशको प्रधानमन्त्री बन्न केन्द्रित हुन्छ । यी नेताहरूले नेपालमा औद्यौगिक विकास गर्ने उद्देश्यले एउटा साझा उद्योग नीतिसम्म निर्माण गर्न सकेका छैनन् । बस, ट्रक, कार, मोटर साइकल खरीद गर्न नेपालबाट बर्सेनि करोडौं नेपाली रुपियाँ (भारतीय मुद्रामा भुक्तान गर्न नसक्ने स्थिति भएमा डलरमा पनि भुक्तान गर्नुपर्ने हुन सक्छ) भारत जाने अवस्थाको अन्त्यका लागि नेपालमैं अटोमोबिल उद्योग स्थापना गर्नेतिर यी नेताहरूको ध्यान जान सकेको छैन । यो अति नै दुःखद कुरा हो । यो उद्योग रणनीतिक महत्त्वको पनि भएकोले नेपालले आफ्नो लगानीमा, आफैंले अटोमोबिल उद्योग स्थापना गरेर, नेपालभित्रै बस, ट्रक, कार, मोटरसाइकल आदि निर्माण गर्नु पर्छ । हाम्रो राष्ट्रिय बजारमा बस, कार, ट्रक, मोटरसाइकल आदिको माग ठूलो भए तापनि हामी आफैंले यी साधन उत्पादन गर्न सकेका छैनौं । यो उद्योगबाट हुने लाभ आफूले प्राप्त नगरेर भारतलाई बुझाइरहेका छौं ।

२०६३ सालदेखि राष्ट्रिय राजनीतिलाई केवल आफ्नो वरिपरि घुमाउने नेताहरूले नेपालमा आर्थिक विकास गर्न पूर्णरूपमा असफल भएको प्रमाण हो यिनीहरूले आफ्नै राष्ट्रिय बजारलाई बुझ्न नसक्नु । आफ्नो राष्ट्रिय बजारलाई यी नेताहरूले बुझेको भए, रणनीतिक महत्त्वका उद्योग स्थापनालाई महत्त्व दिएको भए, नेपालमा उहिले अटोमोबिल उद्योग स्थापना भएर नेपालमा गुड्ने बस, ट्रक, कार, मोटरसाइकलमा 'नेपालमा बनेको' (Made in Nepal) लेखिसकिएको हुन्थ्यो ।

यस आलेखको उद्देश्य माथि भनिएका कुराहरूलाई केन्द्रमा राखेर नेपालमा अटोमोबिल उद्योग स्थापना गर्न सकिने सम्भावनाको खोजी गर्नु हो । विदेशमा र खासगरी धनी देशमा स्थायी बसोवास गरिरहेका नेपालीहरूको बचत नेपाल भित्र्याएर, नेपालमा अटोमोबिल उद्योग स्थापनाका लागि आवश्यक पूँजी लगानी गर्ने सम्भावनाबारे मन्थन गर्नु हो ।

अमेरिका, क्यानाडा, अस्ट्रेलिया, ग्रेट ब्रिटेनजस्ता धनी राष्ट्रमा अहिले ठूलो सङ्ख्यामा नेपालीहरूको स्थायी बसोवास छ । उनीहरूको आम्दानी पनि तुलनात्मक किसिमले राम्रो छ । केहीको त उच्च छ किनभने उनीहरूले त्यहाँ (विशेषगरी अमेरिकामा) पनि अनेक किसिमका व्यापार गरेका छन् । खुद्रा भण्डार, रेस्टुरा, मोटेल, ग्याँस स्टेशन सञ्चालन गरेका छन् ।

यसरी स्थायी किसिमले विदेशमा बसोवास गर्ने नेपालीहरूले नेपालमा लगानी गर्ने वातावरण भएमा अवश्य पनि लगानी गर्नेछन् । र लगानी गर्ने आधार पनि छ । ती आधार के हुन् भने–मातृभूमिप्रति प्रेम भएर मातृभूमिको विकासका लागि लगानी गर्नु । नेपालमा लगानी गर्दा बढी प्रतिफल (Due to growing economy) प्राप्त हुने लोभले लगानी गर्नु ।

विदेशमा स्थायी बसोवास गर्ने नेपालीहरूले नेपालमा लगानी गर्न उत्साहित हुने एक असल एवं व्यावहारिक 'लगानी नीति' तयार पारेर विदेशमा बसेका नेपालीहरूले लगानी गर्ने वातावरण सृजना गर्न सकिन्छ । नेपालमा, विदेशमा बसेका नेपालीहरूले ठूलो रकम लगानी गर्ने स्थिति भएमा त्यो रकम नेपालमा अटोमोबिल उद्योग स्थापना गर्न प्रयोग गर्न सकिन्छ । एक असल एवं व्यावहारिक लगानी नीतिले अवश्य पनि विदेशमा बसेका लाखौं नेपालीलाई जन्मभूमि, मातृभूमि नेपालमा लगानी गर्न उत्प्रेरित गर्नेछ । नेपालमा पहिलेदेखि नै अटोमोबिलको बजार भरपर्दोरूपमा क्रियाशील छ । अर्थात् नेपालभित्र कार, बस, ट्रक, मोटरसाइकलको माग दिन प्रतिदिन बढ्दो छ । मागमा कहिले कमी आएको छैन ।

विदेशमा स्थायी बसोवास गरिरहेका केही व्यापारीहरूको भनाइमा यदि नेपालले दोहोरो नागरिकताको व्यवस्था गर्ने हो भने नेपालमा विदेशबाट कोष जानेछ । अर्थात् विदेशमा स्थायी बसोवास गरिरहेका नेपाली, तर विदेशी नागरिक भइसकेकालाई नेपालले, नेपालको नागरिकता दिने हो भने विदेशमा बसेका नेपालीहरूले निर्धक्क भएर नेपालमा लगानी गर्न सक्छन् । सार्क राष्ट्रबाहेक अन्य राष्ट्रमा स्थायी बसोवास गरेर त्यहाँका नागरिकता लिइसकेका नेपालीहरूलाई (चुनावमा भाग लिन नपाउने– उम्मेदवार हुन नपाउने र मतदान गर्न नपाउने) नागरिकता दिने हो भने नेपालमा हवात्तै लगानी बढ्ने विश्वास गरिएको छ । तर नेपालको वर्तमान कानून अनुसार कुनै नेपालीले अर्को कुनै देश (विदेश) को नागरिकता लिएमा उसको नेपालको नागरिकता स्वतः समाप्त हुन्छ । ऊ नेपाली नागरिक रहँदैन । अर्कोतिर, विदेशमा बसेका र विदेशी नागरिकता लिइसकेका लाखौं नेपालीले भने दोहोरो नागरिकताको माग गरिरहेका छन् ।

दोहोरो नागरिकताको अवधारणा नौलो होइन । युरोपियन युनिएनभित्रका देशका नागरिकले युनियनभित्रको एक देशबाट अर्को देशमा जान राहदानी देखाउनुपर्दैन भने उनीहरूले युनियन भित्रको कुनै पनि राष्ट्रमा गएर बसोवास गर्न र जागिर खान सक्छन् ।

दोहोरो नागरिकता प्रयोग गर्ने राष्ट्रको सूची लामो छ । संयुक्त राज्य अमेरिकामा स्थायी बसोवास गरी अमेरिकी नागरिकता लिइसकेका आफ्ना नागरिकलाई पनि यी राष्ट्रले साबिक मुलुकको नागरिकता दिने गरेका छन् । नागरिकताबाट वञ्चित गरेका छैनन् । अमेरिकाको नागरिकता लिइसकेका आफ्ना नागरिकहरूलाई आफ्नो देशको पनि नागरिकता दिने राष्ट्रहरूमा– अल्बेनिया, अंगोला, अर्मेनिया, अस्ट्रेलिया, बेलारूस, बेल्जियम, बुरून्डी, कोबो भर्डे, कोमोरस, साइप्रस, डेनमार्क, फिजी, फिनल्यान्ड, फ्रान्स, ग्याबोन, गाम्बिया, जर्मनी, घाना, ग्रीस, हंगेरी, आइसल्यान्ड, इराक, आयरल्यान्ड, इजराइल, इटाली, केन्या, कोसोभो, लाटभिया, लेबनान, लिथुआनिया, लक्जम्बर्ग, माली, माल्टा, मल्डोभा, मोरक्को, मोजाम्बिक, न्युजिल्यान्ड, नाइजर, नाइजेरिया, नर्थ मेसेडोनिया, नर्वे, फिलिपिन्स, पोर्चुगल, रोमानिया, रूस, रवान्डा, सेनेगल, सर्बिया, सियरालियोन, स्लोभाकिया, स्पेन, श्रीलङ्का, स्वीडेन, स्वीटजरल्यान्ड, सिरिया, द चेक रिपब्लिक, टोंगा, ट्युनिशिया, युगान्डा, युनाइटेड किंगडम, भानुआटु र जाम्बिया छन् ।

अहिलेको यो आधुनिक व्यापारिक युगमा कोष सजिलैगरी एउटा राष्ट्रबाट अर्को राष्ट्रमा पुग्छ । यस तथ्यलाई ध्यानमा राख्दै हाम्रा नीति निर्माताहरूले नेपालमा अटोमोबिल उद्योग स्थापना गर्ने र नेपालीहरूलाई दोहोरो नागरिकता दिनेबारे गम्भीर भएर सोच्न आवश्यक छ । पुरानाहरूलाई विस्थापित गरेर आउने नया नेता एवं नीति निर्माताहरूले यी तथ्य उपर अवश्य ध्यान दिनेछन् । आशा गरौं, त्यस्तो होस् पनि !

## सामाजिक सुरक्षा कोषका योगदानकर्तालाई १० घातक रोगको उपचारलाई १० लाख

काठमाडौं, ६ असोज/रासस

सामाजिक सुरक्षा कोषले योगदानकर्तालाई १० घातक रोगको उपचारका लागि रु १० लाख उपचार खर्च उपलब्ध गराउने भएको छ ।




सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ संशोधन गर्दै कोषले योगदानकर्तालाई कोरोनरी आर्टरी बाइपास वा ओपन हार्ट सर्जरी, मस्तिष्काघात, मिर्गौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्जुरी, हेड इन्जुरी, सिकलसेल एनिमिया र हेमोफेलिया वा थालासेमिया रोगको उपचार खर्च दिने भएको हो ।

कोषमा लगातार दुई वर्ष योगदान गरेका योगदानकर्ताले ती रोगको उपचारका लागि सेवा अवधिभर रु १० लाखसम्मको उपचार खर्च पाउनेछन् । कार्यविधिको तेस्रो संशोधन स्वीकृत भएको मितिले ९१औं दिनबाट प्रारम्भ हुनेछ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आज कार्यविधि स्वीकृत गरेको हो ।

घातक रोगको औषधोपचार सुविधा कोषमा कुनै योगदानकर्ताले योगदान गर्न छाडेको दुई वर्षसम्म लागू रहनेछ । कोषको वृद्धावस्था सुरक्षा योजना अन्तर्गत निवृत्तिभरण प्राप्त गर्ने योगदानकर्ताले निवृत्तिभरण प्रारम्भ भएको सात वर्षसम्म घातक रोगसम्बन्धी सुविधा उपयोग गर्न सक्नेगरी विशेष व्यवस्था गरिएको कोषका प्रवक्ता विवेक पन्थीले जानकारी दिए ।

योगदानकर्ताले प्राप्त गर्दै आइरहेको औषधोपचार सुविधा निजको पति वा पत्नीसमेतले पाउनेगरी व्यवस्था गरिएको कोषले जनाएको छ । योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरेको तीन वर्षको अवधिमा कोषले योगदानकर्ताको हितलाई ध्यान दिँदै विभिन्न योजनामा निरन्तररूपमा सुधार गर्दै आइरहेको छ । श्रम मन्त्रालयले योगदानकर्ता सन्तति छात्रवृत्ति सञ्चालन कार्यविधि, २०७९ स्वीकृत गरेको छ ।

कार्यविधिमा योगदानकर्ताका सन्ततिलाई चिकित्सा विज्ञान, इन्जिनीयरिङ, नर्सिङ, वन विज्ञान, कृषि विज्ञान र होटल तथा ट्राभल व्यवस्थापन विषयका लागि हरेक वर्ष प्रत्येक प्रदेशबाट १२ जनाका दरले जम्मा ८४ जनालाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गरिएको छ । योगदानकर्ता सन्तति छात्रवृत्ति कार्यक्रम आगामी शैक्षिकसत्रदेखि लागू हुनेछ । प्रतिव्यक्ति बढीमा रु पाँच लाखका दरले छात्रवृत्ति प्रदान गरिनेछ ।

सामाजिक सुरक्षाका कार्यक्रम थप विस्तार गर्दै योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको प्रभावकारी कार्यान्वयनमा टेवा पुग्नेछ । आगामी दिनमा समेत यस किसिमका कार्यक्रमलाई निरन्तरता दिइने कोषको प्रतिबद्धता छ ।

हालसम्म कोषमा १७ हजार ४१७ रोजगारदाता र तीन लाख ६४ हजार ७४१ योगदानकर्ता सूचीकृत भएका छन् । कोषमा रु २३ अर्ब ४० करोड योगदान रकम सङ्कलन भएको छ । कोषले रु दुई अर्ब २६ करोड दाबी भुक्तानी गरेको छ ।

## ब्याजदरमा भएको वृद्धिले उत्पादनमूलक उद्योग प्रभावित पार्छ –अर्थमन्त्री

काठमाडौं, ६ असोज/रासस

अर्थमन्त्री जनार्दन शर्माले बैंक तथा वित्तीय संस्थामा पैसा राखेर ब्याज लिने संस्कारका कारण देशभित्र उत्पादनमूलक उद्योग स्थापनामा समस्या देखिएको बताएका छन् ।

बिहीवारदेखि शुरू भएको नाडा इभी अटो प्रदर्शनीको उद्घाटन कार्यक्रममा उनले पछिल्ला दिनमा बैंक तथा वित्तीय संस्थाले वृद्धि गरेको ब्याजदरका कारण उत्पादनमूलक उद्योगको विकास र विस्तारमा समस्या देखा परेको बताए ।

उनले भने, "जुन देशमा बैंकमा पैसा राखेर १४ प्रतिशत वा १५ प्रतिशत आम्दानी लिन पाइन्छ, त्यो देशमा उत्पादन सम्भव होला ? पक्कै पनि हुँदैन । यहाँ समस्या छ । यो समस्या हल गर्नुपर्छ ।"

उनले विनालगानी सहजैरूपमा ब्याज आउँछ भने किन उत्पादनमा लगाउने ? भन्ने प्रवृत्तिको विकास हुन जाने भएकाले त्यसको निराकरणका लागि मन्त्रालयले पहल गरिरहेको उल्लेख गरे ।

उनले पछिल्ला दिनमा देखिएका यस्ता समस्याको निरूपणका लागि गम्भीर किसिमको निष्कर्ष निकालिने र



केही न केही हल आवश्यक रहेको स्पष्ट पारे । उनले उत्पादन क्षेत्रका लागि विशेष प्राथमिकता दिनुपर्ने र सबैले जिम्मेवारी लिने हो भने यस्ता समस्याहरू हल हुने विश्वास व्यक्त गरे ।

उनले अर्थतन्त्र बलियो बनाउन सबै तह र तप्काका बीचमा साझा सहकार्यको जरुरी रहेको र निर्यात बढाउँदै आयात प्रतिस्थापन गर्ने सन्दर्भ नै उत्तम विकल्प भएको धारणा राखे ।

(बाँकी चौथो पातामा)

## बाराको दुईवटा घ्यू उद्योगमा सिलबन्दी



तस्वीर सौजन्य: जिप्रका, बारा

प्रस, वीरगंज, ६ असोज/

जिल्ला प्रहरी कार्यालय, बाराले बुधवार गुणस्तरहीन घ्यू उत्पादन गर्ने दुईवटा उद्योगमा सिलबन्दी गरेको छ।

बाराको फेटा गाउँपालिका–२ जगतपुर टोलमा सञ्चालित गहवामाई बेकरी सटिङ रिपिरिङ उद्योग र जय माँ लक्ष्मी डेरी उद्योगमा गुणस्तरहीन घ्यू उत्पादन भइरहेको सूचनाको आधारमा जिल्ला प्रशासन कार्यालय, बारा, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, पर्सा, उपभोक्ता संरक्षण मञ्च नेपाल र नेपाल प्रहरीको संयुक्त टोलीले छापामारी गरेको थियो ।

छापामारीको क्रममा टोलीले उक्त उद्योगबाट उत्पादित विभिन्न ब्रान्डका तयारी घ्यू तथा कच्चा पदार्थ गुणस्तरहीन पाइएकाले स्थानीय प्रतिनिधिको रोहबरमा तयारी तथा कच्चा पदार्थ नियन्त्रणमा लिनुका साथै उद्योगमा सिलबन्दी गरेको छ ।

टोलीले सो उद्योगबाट गोकुल लेखिएको ५०० ग्रामको १२७७ बट्टा (६३८.५ लिटर), सोल्टी लेखिएको ५०० ग्रामको ४५९ बट्टा (२२९.५ लिटर), रोयल लेखिएको ५०० ग्रामको ५५० बट्टा (२७५ लिटर), माँ लक्ष्मी लेखिएको एक लिटरको १८ बट्टा (१८ लिटर), सर्टेनिङ लेखिएको ८० कार्टुन बेकरी (१६०० लिटर) तयारी घ्यू र १५० लिटर कच्चा पदार्थ नियन्त्रणमा लिएको जिप्रका, बाराले जनाएको छ ।

# मूल्यवृद्धि र बजार अनुगमनको औचित्य

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**अनुगमनमा जाने कर्मचारी र अधिकारकर्मीमाथि पनि उत्तिकै निगरानी जरुरी छ । सामान्य त्रुटिलाई सच्याउन निर्देशन दिने र गम्भीर त्रुटि गर्नेलाई सो व्यवसाय गर्न नपाउने गरी प्रतिबन्ध लगाउनेसम्मको निर्णय नभएसम्म यसले भोलिका दिनमा विश्वास आर्जन गर्न सक्ने अवस्था रहँदैन ।**

दशैं, तिहार र छठजस्ता ठूला चाडपर्व नजीकिएका छन् । चाडपर्व भनेको नै आफन्त जमघट हुने, भेटघाट हुने, पूजापाठ र मनोरञ्जन गर्ने माध्यम हुन् तर कतिपयले यसलाई देखाउनकै लागि भएपनि अनावश्यक वस्तु खरीद गर्ने तथा एकापसमा प्रतिस्पर्धा गर्ने प्रवृत्ति देखाउने गरेका पनि छन् । केही वर्षदेखि चाडपर्व पनि प्रतिस्पर्धी बन्दै गएका छन् । महँगा लत्ताकपडा लगाउने, गहनाको प्रदर्शन गर्ने, अत्यधिक मदिरा सेवन गर्ने जस्ता क्रियाकलापको विकास भएको देखिन्छ यहाँ । हुनेखाने वर्गमा अरूको देखासिकी गर्ने होडबाजी चल्ने गरेको छ भने हुँदाखाने वर्गको दैनिकी चौपट भएको छ ।

हुनत बजार भन्नु नै वस्तु तथा सेवा खरीद-बिक्री अर्थात् व्यावसायिक गतिविधि हुने स्थान हो । अहिलेको समयमा पनि विद्युतीय माध्यमबाट विद्युतीय बजारको रूपमा विभिन्न डिजिटल प्लेटफर्ममा वस्तु तथा सेवा खरीद-बिक्री वा व्यापार हुने हुँदा डिजिटल मार्केट/विद्युतीय बजारलाई समेत बजारको परिभाषाभित्र राख्ने गरिन्छ । देश विकासमा व्यावसायिक क्षेत्रको योगदान बढाउन व्यवसाय विस्तार र प्रवर्धन सँगसँगै बजारमा व्यावसायिक गतिविधि वैध, स्वच्छ र प्रतिस्पर्धी हुनुपर्छ । यस्ता व्यवसायबाट मात्र उपभोक्ताको अधिकार संरक्षण गर्न सघाउ पुग्छ । त्यसैले उपभोक्ता हकहित/अधिकार संरक्षणको उद्देश्य प्राप्तिमा सरकारले मुख्यतः दुईवटा व्यवस्था गर्न जरुरी हुन्छ । पहिलो व्यवसायीमैत्री व्यवसाय नियमन तथा व्यवस्थापनसम्बन्धी कानून र दोस्रो उपभोक्तामैत्री उपभोक्ता हकहित/अधिकार संरक्षणसम्बन्धी कानूनको व्यवस्था । सूचना तथा सञ्चार प्रविधिले विश्व साँघुरिंदै जाँदा व्यावसायिक क्रियाकलापमा सामाजिक सञ्जालसहितका विद्युतीय व्यापारको प्रयोग बढ्दै जानुले हिजोभन्दा आज व्यावसायिक क्रियाकलाप झन् व्यापक र जटिल बन्दै गइरहेको देखिन्छ । देशमा व्यावसायिक गतिविधि फस्टाउने व्यवसायीमैत्री वातावरण र गुणस्तरीय वस्तु तथा सेवा पाउने अधिकारको संरक्षण गर्ने उपभोक्तामैत्री वातावरण बनाइराख्ने यी दुई विषय सिद्धान्ततः एकअर्कामा परिपूरक छन् ।

यतिखेर उपभोग्य वस्तु, लत्ताकपडाजस्ता वस्तुहरूको बजार मूल्य अकासिएको छ । गत वर्षदेखि नै कायम रहेको दोहोरो अङ्कको मुद्रास्फीतिको प्रभावले आमउपभोक्ता प्रभावित भएका छन् । पैसा हुनेले त बजारको महँगीमा पनि खरीद गर्न सक्छन् होला तर श्रम गरी बिहान-बेलुकी हातमुख जोड्ने श्रमिकको दैनिकी भने महँगीले उठ्नै नसक्ने गरी थिचिएको छ । झन्डै २१ दशमलव ६ प्रतिशत अर्थात् करीब ६५ लाख जनसङ्ख्या अहिले पनि निरपेक्ष गरीबीको रेखामुनि छन् । गरीबीको निरपेक्ष रेखामुनि रहेका यी नेपाली जनताले एकसरो लगाउने कपडा फेर्न र चाडपर्व मनाउन थोरै भएपनि पैसाको जोहो गर्छन् । यही समयमा अकासिएको महँगीको भार कसरी थेग्न सक्ने ? हुनेखाने वर्गलाई त महँगीले नछोला, तर गरीब वर्गमा चाडपर्व कसरी मनाउने चिन्ता झन् थपिएको छ । नेपालमा उपभोक्ताको हकहित/अधिकार संरक्षण सम्बन्धमा २०५४ सालदेखि कानूनी व्यवस्थाको सुरुआत भई नेपालको संविधान अनुरूप नयाँ उपभोक्ता संरक्षण ऐन, २०७५ जारी भएदेखि हालसम्म आइपुग्दा उपभोक्ताको अधिकार संरक्षणको नाममा बजार अनुगमनका कार्य केवल ठूला चाडपर्वलक्षित र नाम मात्रको हुने गरेको, हालको बजार अनुगमनले सजायलाई भन्दा नगद जरिवानालाई बढी केन्द्रित गरेको र त्यस्तो जरिवानाबाट बजार खासै सुध्रन नसकेकोले बजारको व्यावसायिक क्रियाकलापबाट उपभोक्ता ठगिने क्रम रोकिएको छैन ।

चाडबाडका बेला अभाव हुने वस्तुको अनावश्यक सञ्चय गर्ने वा स्टक लुकाउने, मिलेमतो वा कृत्रिम अभाव खडा गरी कालोबजारीमार्फत मूल्य बढाउनेजस्ता क्रियाकलाप बढी हुन सक्ने हुँदा सरकारका सबै तहबाट आपूर्ति व्यवस्थापन सुदृढ गर्ने कार्यसँगसँगै विभिन्न सरकारी नियामक निकायहरूबाट बजार अनुगमन व्यापक र प्रभावकारी पार्नुपर्ने अहिलेको आवश्यकता छ । त्यसैअनुरूप यतिखेर मुलुकमा बजार अनुगमनको क्रम पनि बढेको छ । चाडपर्व नजीकिंदै गर्दा बजारमा उपभोग्य खाद्यवस्तुहरूमा मिसावट भयो, चामल, दाल, तरकारीलगायत उपभोग्य वस्तुको मूल्यमा भारी वृद्धि भयो, बजारमा कालाबजारी गर्नेहरू सलबलाए, वस्तु तथा सेवाको कृत्रिम अभाव सिर्जना भयो भन्ने जस्ता विषय सञ्चारमाध्यममा निकै छाउने पनि गरेका छन् । बजारमा माग र आपूर्तिको अन्तर्क्रियाबाट मूल्य निर्धारण भई सन्तुलन कायम हुनुपर्ने यो समयमा अमुक व्यवसायीको कमाउ धन्दाको कारणले गर्दा खाद्यवस्तुहरूमा उस्तै किसिमको अखाद्यवस्तु मिसाउने र बजारमा पठाउने गरेको घटना पनि प्रशस्तै भेटिन्छन् । वस्तु र सेवा प्रशस्त हुँदाहुँदै पनि कृत्रिम अभाव सिर्जना गरेर महँगोमा बेच्ने र एकैचोटि धेरै नाफा कमाउने धन्दा चलाउने गिरोह पनि यसैबेलामा धेरै नै सक्रिय हुन्छन् ।

व्यवसायीमैत्री व्यवसाय नियमन तथा व्यवस्थापनबारे विभिन्न क्षेत्रका व्यवसायलाई उद्योग व्यवसाय, वाणिज्य/व्यापार व्यवसाय र पेशा व्यवसाय गरी तीन भागमा वर्गीकरण गरिन्छ । तर पेशा व्यवसायलाई पनि उद्योग व्यवसाय अन्तर्गत राखी विभिन्न क्षेत्रका व्यवसायलाई उद्योग व्यवसाय र वाणिज्य/व्यापार व्यवसाय गरी दुई भागमा वर्गीकरण गरेर नियमन र व्यवस्थापन गर्ने गरिएको छ । हाल उद्योग र व्यापार व्यवसायलाई मूलतः कम्पनी, औद्योगिक व्यवसायसम्बन्धी, प्राइभेट फर्म, साझेदारी फर्म र निकासी पैठारीसम्बन्धी ऐन, नियम र सम्बन्धित विषयगत ऐन, नियमबाट नियमन र व्यवस्थापन गर्ने गरिएको छ । कुनै पनि व्यवसाय/उद्योग वा व्यापारको रूपमा कम्पनी, प्राइभेट फर्म वा साझेदारी फर्मको रूपमा दर्ता भएपनि कतिपय व्यवसायका लागि सम्बन्धित विषयगत कानूनसम्बद्ध निकायबाट अनुमति लिई सञ्चालन तथा व्यवस्थापन र नियमन नहुने व्यवस्था पनि गरिएको छ । उपभोक्तामैत्री उपभोक्ताको हकअधिकार संरक्षणबारे आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, गुणस्तर, मूल्य नियन्त्रण र अनुगमनजस्ता विषय सङ्घ र प्रदेशको साझा अधिकार सूची अन्तर्गत राखिएका छन् । साथै उपभोक्ताको हक संरक्षणलाई मौलिक हकको रूपमा राखिएकाले उपभोक्ता संरक्षण ऐन, २०५४ लाई प्रतिस्थापन गरी सङ्घ, प्रदेश र स्थानीय तह सबैलाई लागू हुनेगरी एउटै नयाँ उपभोक्ता संरक्षण ऐन, २०७५ जारी भई कार्यान्वयनमा छ ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले सङ्घ, प्रदेश र स्थानीय तहका कुनै निकायका योग्य अधिकृतलाई बजार अनुगमनका लागि निरीक्षण अधिकृत तोक्न सक्ने र त्यसरी तोकिएका अधिकृतले देशको जुनसुकै क्षेत्रमा आकस्मिक निरीक्षण गर्न सक्ने व्यवस्था गरेको छ । उक्त ऐनमा संयुक्त राष्ट्रसङ्घबाट समेत मान्यता दिइएसरह आधारभूत आवश्यकतापूर्तिमा पहुँच, हानिनोक्सानी वा क्षतिपूर्ति तथा उपभोक्ता शिक्षा पाउनेजस्ता अधिकार समेटिएका छन् । कारबाईको सम्बन्धमा निरीक्षण अधिकृतले स्थलगतरूपमा नै पाँच हजारदेखि अधिकतम तीन लाख रुपियाँसम्म तत्काल जरिवाना गर्न सक्ने, अर्धन्यायिक निकायको रूपमा विभागको महानिर्देशकले अधिकतम तीन लाख रुपियाँसम्म जरिवाना वा तीन महीनादेखि एक वर्षसम्म कैद वा दुवै गर्न सक्ने र विभागको महानिर्देशकले हेर्ने मुद्दाबाहेक अन्य मुद्दाका लागि उपभोक्ता अदालतको व्यवस्था तर उपभोक्ता अदालत गठन नभएको अवस्थामा सम्बन्धित जिल्ला अदालतले अधिकतम छ लाख रुपियाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै गर्न सक्ने व्यवस्था आदि गरिएको छ । प्रचलित कानूनबमोजिम उत्पादक, पैठारीकर्ता, सञ्चयकर्ता, ढुवानीकर्ता, सेवाप्रदायकजस्ता बजारसम्बद्ध व्यवसायी आदिले सरकारी नियामक निकायमा दर्ता एवं नवीकरण भई सञ्चालन भए/नभएको अर्थात् व्यवसाय वैधताको र वस्तु वा सेवाको मूल्य, गुणस्तर र नापतौल वा परिमाणको पक्षहरूमा बजार अनुगमन गर्ने व्यवस्था छ ।

मुलुकमा कानूनको अधीनमा रही सबैले स्वतन्त्रतापूर्वक व्यापार-व्यवसाय गर्न पाउनुपर्छ । खुला बजार अर्थतन्त्रको सिद्धान्त अनुसार माग र आपूर्तिबीचको सन्तुलनका आधारमा मूल्य निर्धारण हुन्छ तर खुला बजार अर्थतन्त्रको अर्थ छाडातन्त्र पक्कै पनि होइन । उदार अर्थतन्त्र भएको मुलुकमा बजार सरकारको पूर्ण नियन्त्रणमा रहनुहुँदैन भन्ने मान्यता हुन्छ । यस्तो अर्थतन्त्रमा वस्तु तथा सेवाको उत्पादन, बिक्री वितरण र मूल्य निर्धारणमा निजी क्षेत्रको प्रमुख भूमिका हुन्छ । निजी क्षेत्रले मूल्य निर्धारण गर्दा बजारको मागलाई आकलन गरी सरकारले बनाएका ऐन कानूनको परिधिभित्र रहेर गर्नुपर्ने हुन्छ । तर सिन्डीकेट र कार्टेलिङजस्ता आपराधिक प्रणालीका माध्यमले मूल्य निर्धारण गर्ने प्रवृत्ति निन्दनीय मात्र नभई दण्डनीय हो । यसलाई रोक्न राज्यले आफ्ना सबै खाले संयन्त्रलाई निष्पक्ष र प्रभावकारीरूपमा परिचालन गर्नुपर्छ । यसरी अनियन्त्रित मूल्यवृद्धि, मिसावट र राजस्व छली हुँदा हाम्रो दण्ड र सजायका व्यवस्था नै न्यून त होइनन् ? कालोबजारीलाई कतै राजनीतिक तथा प्रशासनिक संरक्षण त छैन ? उपभोक्ताहरू नै जागरूक नभएर त कतै होइन ? शक्ति र पहुँचका आधारमा बजारमा लुटतन्त्र त मचाएका होइनन् ? भन्ने विभिन्न प्रश्न उब्जिएका छन् । चाडपर्वका बेलामा वस्तुमा छुट दिएको निहुँमा भ्याट बिल जारी नगर्ने प्रवृत्ति पनि देखिने गरिन्छ । यसले कर छलीलाई प्रोत्साहन गरिरहेको छ । जसले स्वच्छ कारोबार गर्ने व्यवसायीलाई समेत असर गरेको छ । बजारमा यो अवस्था सिर्जना हुन नदिन सरकारका सम्बन्धित सबै निकायले नियमित प्रभावकारी बजार अनुगमन तथा उपभोक्ता जागरूक कार्यक्रमलाई अभियानकै रूपमा लागू गर्नुपर्दछ । यसका साथै बजार अनुगमनको क्रममा एकै प्रकारको कसूरमा ठूला र साना व्यवसायीबीच एकैखाले जरिवाना हुने र जरिवानाको मूल्य पनि न्यून भएकाले जरिवानाको असर नदेखिने र कैद सजाय हुने कसूरउपरको कारबाई छिटफुटरूपमा गर्न थालिएपछि टुङ्गो लाग्न सकेको देखिंदैन । यसका लागि एकैखाले कसूरमा हुने जरिवानाको न्यूनतम र अधिकतम रकमको सीमा बढाएर साना, मझौला र ठूला व्यवसायीलाई निश्चित आधारमा फरक-फरक ढङ्गले जरिवाना गर्न सक्ने र सजायको कारबाई छिटो टुङ्गो लगाउने गरी कानून संशोधन गर्दा उपयुक्त हुने देखिन्छ । प्रदेश र स्थानीय बजार अनुगमन समिति अपेक्षितरूपमा सक्रिय हुन सकेका छैनन् । अतः सबै स्थानीय तहले कार्यविधि बनाइ बजार अनुगमन गर्ने कार्यलाई व्यापक र सक्रिय पार्नुपर्छ ।

बजार अनुगमन कार्यलाई बढी विश्वसनीय र सबैको भरोसायोग्य बनाउनुपर्दछ । किनभने छाडातन्त्र कसैको हितमा हुँदैन । अनुगमनमा जाने कर्मचारी र अधिकारकर्मीमाथि पनि उत्तिकै निगरानी जरुरी छ । सामान्य त्रुटिलाई सच्याउन निर्देशन दिने र गम्भीर त्रुटि गर्नेलाई सो व्यवसाय गर्न नपाउने गरी प्रतिबन्ध लगाउनेसम्मको निर्णय नभएसम्म यसले भोलिका दिनमा विश्वास आर्जन गर्न सक्ने अवस्था रहँदैन । त्यसैले अनुगमनप्रति भरोसा बढाउन राज्यले तत्काल केही कदम चाल्नैपर्दछ ।

# भीमफेदीमा सवारी दुर्घटना हुँदा सातजनाको मृत्यु

मकवानपुर, ६ असोज/रासस

मकवानपुरको भीमफेदी गाउँपालिका- ६ जुरिखेतमा बिहीवार दिउँसो सवारी दुर्घटना हुँदा त्यसमा परेर सात जनाको मृत्यु भएको छ ।

काठमाडौंबाट हेटौंडा आउँदै गरेको बा३ख ७८५८ नम्बरको यात्रीबाहक बस दुर्घटना हुँदा सात जनाको मृत्यु भएको इलाका प्रहरी कार्यालय भीमफेदीका प्रहरी निरीक्षक प्रतिमा श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार मृत्यु हुनेहरूमा तीन महिला, दुई पुरूष र दुई बालबालिका रहेका छन् ।

दुर्घटनामा परेर छ जनाको घटनास्थलमा र एकको उपचारका लागि अस्पताल लैजाने क्रममा बाटोमा मृत्यु भएको हो ।




दुर्घटनामा परेर मृत्यु भएकाको हाल पहिचान खुल्न सकेको छैन । उक्त बसमा ३५ जना सवार थिए । अन्य घाइतेलाई उपचारका लागि हेटौंडा अस्पतालतर्फ ल्याइएको छ ।

घटनास्थलमा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक वामदेव गौतमसहितको टोली पुगेको छ । उक्त घटनाका बारेमा आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ ।

यसैगरी रूकुमपूर्वको भूमे गाउँपालिका-३ क्याङ्सी बगरमा भएको बस दुर्घटनामा पाँच जनाको मृत्यु भएको छ ।

काठमाडौंबाट रूकुमकोट आउँदै गरेको ग१ख ९१०९ नम्बरको बस आज

(बाँकी अन्तिम पातामा)

# सहकारीको साधारणसभा सम्पन्न

प्रस, सिम्रौनगढ, ६ असोज/

सिम्रौनगढ-६ स्थित साना किसान कृषि सहकारी संस्था लि.को तेस्रो वार्षिक साधारणसभा बिहीवार सिम्रौनगढको फूलबारी मैदानमा सम्पन्न भएको छ ।




कार्यक्रममा प्रमुख अतिथि साना किसान सहकारी संस्थाका बारा जिल्ला प्रमुख मिश्रीलाल सहनीले सिम्रौनगढमा कृषिमा परिवर्तनको खाँचो रहेको बताए । यो परिवर्तनले आत्मनिर्भरता, रोजगार बढाइ कृषकहरूको जीवन सुखमय हुने उनको तर्क थियो ।

उनले वर्षौंदेखि स्थानीय जनता साउ महाजनका ऋणी थिए तर आज साना किसान सहकारी संस्थाले स्थानीय जनता मालिक बनेको बताए । उनले संस्थाले राम्रो काम गरे सबैबाट सहयोग पाइने बताए ।

साना किसान सहकारी संस्था, सिम्रौनगढको सञ्चालक समितिकी अध्यक्ष ललितादेवी तत्वाको अध्यक्षता भएको साधारणसभामा लेखापरीक्षण प्रतिवेदन, नगद हिसाब विवरण, चालू दायित्व विवरण, खुद नाफाको बाँडफाँड विवरण, सन्तुलन परीक्षण, खर्च विवरण, आम्दानी विवरणलगायतका विवरण प्रस्तुत गरिएको थियो ।



कार्यक्रममा उत्कृष्ट बचत सदस्य, ज्येष्ठ सदस्य र अपाङ्गहरूलाई दोसल्ला ओढाइ केही नगदसहित सम्मान गरिएको थियो ।

## ब्याजदरमा भएको वृद्धि....

उनले भने, "हामी सबै लागौं । निजी क्षेत्रलाई काम गर्न थप सहज पार्ने हो । जुनसुकै अवस्थामा पनि हामी नेपाली आफैं आफ्नो उत्पादनमा बाँच्न सक्ने हुनुपर्छ ।"

उनले विद्युतीय सवारीसाधन सँगसँगै हाइड्रोजनबाट चल्ने सवारीसाधनका बारेमा पनि सोच्नुपर्नेमा जोड दिए । उनले भने, "धेरैको ध्यान अहिले त्यसतर्फ गइरहेको पनि छ । तर यसलाई व्यावसायिकरूपले कसरी उत्पादन गर्ने भनेर सोच्न आग्रह गर्छु ।"

उनले अबको समय भनेको ग्रीन हाइड्रोजनको भएकाले हामीले पनि त्यतातिर जानुपर्ने बताए । अर्थमन्त्री शर्माले जुनसुकै चुनौती आए पनि हामी आफैं बाँच्न सक्छौं र थेग्न सक्छौं भन्ने स्तरमा मुलुकलाई पुऱ्याउनुपर्नेमा जोड दिए । उनले हाल बढी भएको बिजुली निर्यात भइरहेको सन्दर्भ जोड्दै त्यसलाई उत्पादनमा लगाउनुपर्ने उल्लेख गरे । उनले भने, "हामीले विद्युत् निर्यात गर्ने नभएर विद्यत्बाट उत्पादित वस्तुहरूको निर्यात गर्ने हो । अब विद्युत्बाट उत्पादित हाइड्रोजनको निर्यात गर्ने हो ।"



## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## मेक्सिकोमा शक्तिशाली भूकम्प

मेक्सिको सिटी, ६ असोज/एएफपी

मेक्सिकोमा बिहीवार शक्तिशाली भूकम्प आएको छ। यसअघि सोमवार मिचोआकानमा आएको ७.७ म्याग्निच्युडको शक्तिशाली भूकम्पमा परी कम्तीमा दुईजनाको मृत्यु भएको थियो।

६.९ म्याग्निच्युड मापन गरिएको यस भूकम्पको केन्द्रबिन्दु पश्चिमी राज्य मिचोआकानको कोलकोमानबाट ८४ किलोमिटर दक्षिणमा प्रशान्त महासागरको तटनजीक रहेको राष्ट्रिय भूकम्प विज्ञान निकायले जनाएको छ।



भूकम्प आएपछि घर बाहिरिएका स्थानीय। तस्वीरः रायटर्स

अमेरिकी भौगर्भिक सर्वेक्षण संस्था (युएसजिएस)ले ६.८ म्याग्निच्युड अनुमान गरेको छ। मिचोआकानमा सोमवार ७.७ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको थियो। मेक्सिको सिटीमा सयौं किलोमिटर टाढा हजारौं भवनमा क्षति पुऱ्याएको थियो। यस भूकम्पले आतङ्क फैलाएको थियो।

स्थानीय समय अनुसार बिहीवार बिहान १:१६ मा प्रारम्भिक चेतावनी अलार्म बजेपछि मानिसहरूले आफ्ना घरहरू खाली गर्न थालेका थिए। मेक्सिको सिटीका मेयर क्लाउडिया सेनबाउमले आधिकारिक हेलिकप्टरहरू शहरमा उडेको र कुनै पनि क्षतिको प्रारम्भिक रिपोर्ट नआएको बताएका छन्। "भूकम्पपछि शहरमा अहिलेसम्म कुनै क्षति भएको छैन," उनले ट्वीट गरेका छन्।

राष्ट्रिय भूकम्प विज्ञान एजेन्सीका अनुसार भूकम्प १२ किलोमिटर गहिराइमा रहेको थियो, यद्यपि युएसजिएसले मेक्सिको सिटीबाट ४१० किलोमिटर टाढा र २४ किलोमिटर गहिराइमा रहेको अनुमान गरेको छ।

सन् १९८५ र २०१७ मा गएको दुईवटा घातक भूकम्पको वार्षिकोत्सवमा मेक्सिको सिटीमा लाखौं मानिसले आपत्कालीन अभ्यासमा भाग लिएको एक घण्टाभन्दा कम समयमैं सोमवारको भूकम्प आएको थियो। रासस

## बाढी प्रभावित पाकिस्तानी क्षेत्रमा डेङ्गुको प्रकोप बढ्दो

इस्लामाबाद, ६ असोज/सिन्हवा

पाकिस्तानका बाढी प्रभावित क्षेत्रमा डेङ्गुको प्रकोप बढेको छ। अधिकारीहरूले बाढी प्रभावित क्षेत्रमा डेङ्गुको प्रकोप बढ्दै गएको जानकारी दिएका हुन्।

पाकिस्तानमा, विशेषगरी पछिल्लो समयमा, यस वर्षको मनसुनबाट क्षति भएका क्षेत्रहरूमा डेङ्गुको ज्वरोले धेरै मानिस बिरामी परेका बताइएको हो।

यहाँको सबैभन्दा धेरै बाढी प्रभावित प्रान्त सिन्धमा नै डेङ्गुले पनि सताएको बताइएको छ। यहाँका स्वास्थ्य अधिकारीले दिएको जानकारीमा गएको २४ घण्टा यतामात्र ३२३ जनालाई डेङ्गु लागेको छ। यसपछिको प्रभावित क्षेत्र कराँची हो। कराँचीमा मात्र गएको २४ घण्टामा २६० जनामा यसको सङ्क्रमण देखिएको छ।

कराँची पनि यस वर्षको मनसुनी वर्षाबाट बढी प्रभावित क्षेत्र हो। सेप्टेम्बर महीनामा मात्र सिन्धमा करीब चार हजार जनामा डेङ्गुको सङ्क्रमण भएको थियो। यहाँ अहिलेसम्म छ हजारभन्दा बढीमा यो प्रकोप देखिएको सिन्ध प्रान्तको स्वास्थ्य विभागका प्रमुखले जानकारी दिएका छन्।

उनका अनुसार बाढी प्रभावित भएर घरबारविहीन हुन पुगेका नागरिकमा प्रकोप देखिएको छ।

यहाँको खैबर पाक्थुन्क्वामा पनि डेङ्गुको प्रकोप बढ्दो देखिएको छ। यहाँ यस वर्ष कम्तीमा पाँच हजार मानिसमा यो सङ्क्रमण देखिएको खैबरको स्वास्थ्य विभागका प्रमुखले जानकारी दिएका छन्। रासस

## इजरायलका प्रधानमन्त्री र टर्कीका राष्ट्रपतिबीच दुर्लभ भेटवार्ता

जेरूसेलम, ६ असोज/सिन्हवा

इजरायलका प्रधानमन्त्री याइर लापिड र टर्कीका राष्ट्रपति रेसेप तयीप एड्रोगानबीच मङ्गलवार भेटवार्ता भएको छ। दुई देशका नेताहरूबीच सन् २००८ पछि पहिलोपटक भेटवार्ता भएको अधिकारीहरूले जानकारी दिएका छन्। संयुक्त राष्ट्रसङ्घको ७७ औं महासभामा सहभागी हुन न्युयोर्क गएको बेला उनीहरूबीच भेटवार्ता भएको हो।

जापिडको सचिवालयले जारी गरेको वक्तव्यका अनुसार उनीहरूले दुई देशबीच सम्बन्ध सुधार गर्नेबारे छलफल गरेका थिए। साथै दुई पक्षीय हित, साझा चासो र सरोकारका विषयमा पनि छलफल भएको जनाइएको छ। उनीहरूको छलफल विशेष गरेर आर्थिक तथा ऊर्जा सहकार्यबारे केन्द्रित थियो।

दुई देशबीच गत अगस्तमा पूर्णरूपमा कूटनीतिक सम्बन्ध ब्युँताउने सम्झौता भएको थियो। रासस

## कार दुर्घटना हुँदा बाह्रजनाको मृत्यु

लोबिटो, ६ असोज/सिन्हवा

अङ्गोलाको दक्षिणी बेन्गुएला प्रान्तमा बुधवार ३० यात्रु बोकेको एउटा गाडी पल्टिंदा कम्तीमा १२ जनाको मृत्यु हुनुका साथै अन्य १८ जना घाइते भएका स्थानीय अधिकारीहरूले बताएका छन्।

तीव्र गति, सावधानीको अभाव र प्राविधिक त्रुटिका कारण गाडी पल्टिएको राष्ट्रिय प्रहरीका प्रवक्ता अर्नेस्टो चिवालेले बताएका छन्। बेन्गुएला जनरल अस्पतालमा चिकित्सा सहायता लिइरहेका १८ जना घाइतेको अवस्था गम्भीर रहेको एङ्गोलाको नेशनल इन्स्टिच्युट फर मेडिकल इमर्जेन्सीका बेन्गुएला प्रान्तीय संयोजक हर्नानी फ्रान्सिस्कोले बताएका छन्। रासस

## सुडानमा बाढीबाट १४६ को मृत्यु

खार्तोम, ६ असोज/सिन्हवा

सुडानमा हालै आएको बाढी र पहिरोबाट ज्यान जानेको सङ्ख्या १४६ पुगेको छ। यहाँका अरू केही व्यक्ति हराइरहेका समाचारमा जनाइएको छ। यहाँको नेशनल काउन्सिल फर सिभिल डिफेन्सले सो कुराको जानकारी दिएको हो।

सो काउन्सिलले सेप्टेम्बर महीनाको २१ तारिख अर्थात् बुधवारसम्म बाढी पहिरोबाट ज्यान जाने नागरिकको सङ्ख्या १४६ पुगेको जानकारी बुधवार दिएको छ। बाढीले पाँच हजारभन्दा बढी घर बगाएको छ भने अरू सात हजार घरमा क्षति पुगेको छ। यहाँको उत्तरी क्षेत्रका २५० भन्दा बढी गाउँमा बाढीले क्षति पुऱ्याएको बताइएको छ। बाढीबाट दशौं हजार हेक्टर जमीनको खेती नष्ट गरिदिएको छ भने सार्वजनिक यातायात तथा भौतिक संरचनामा क्षति पुऱ्याएको छ।

यो बाढीबाट गएको जूनदेखि कम्तीमा पनि १,३६ हजार व्यक्ति प्रभावित हुन पुगेका छन्। उनीहरूमध्ये आधाभन्दा बढीको त घर ध्वस्त भएकोले विस्थापित भएका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – कार्यनाश | वृष – उदरपीडा |
| मिथुन – विजय | कर्कट – धनखति |
| सिंह – भाग्योदय | कन्या – बेचैनी |
| तुला – मनोरञ्जन | वृश्चिक – कर्मप्राप्ति |
| धनु – राज्यभय | मकर – रोगभय |
| कुम्भ – यात्रालाभ | मीन – शत्रुभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### नाम परिवर्तन गरिएको सूचना

त्यस कम्पनीको मिति २०७९/४/२ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी प्रतिक प्रकाशन समुह प्रा.लि. (Pratic Prakashan Samuha Pvt. Ltd.) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु बेहोर्नुपर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने बेहोर्ने गरी श्री कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/०५/८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी प्रतीक प्रकाशन समूह प्रा.लि. (Prateek Prakashan Samooh Pvt. Ltd.) कायम गरिएको बेहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याहन १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे


### विपश्यना ध्यान शिविर सञ्चालनसम्बन्धी सूचना

यही २०७९ असोज ८ देखि १९ गते (२०२२ सेप्टेम्बर २४-अक्टुबर ५)सम्म धम्म तराई विपश्यना ध्यान केन्द्र, परवानीपुर, वीरगंजमा १० दिनको आवासीय विपश्यना ध्यान शिविर शुरू हुने जानकारी गराइन्छ। सहभागी हुन इच्छुक महानुभावहरूले सम्पर्क गर्नुहोला।
फोन नं. ९८०४२४४५७६, ९८४५७१८१३७, ९८०२९२९९७९
इमेल–tarai@vridhamma.org


## प्रदेशस्तरीय फोटो पत्रकारिता पुरस्कार जियाललालाई

प्रस, वीरगंज, ६ असोज/

राष्ट्रिय फोटो पत्रकार समूह (एनएफपिजे) नेपालले आयोजना गरेको राष्ट्रिय फोटो पत्रकारिता अवार्ड २०२२ को प्रदेशस्तरीय फोटो पत्रकारिता अवार्ड सञ्चारकर्मी जियालाल साहले जितेका छन्।

मधेस प्रदेश उत्कृष्ट फोटो पत्रकारिता विधा पत्रकार जियालाल साहले हात पारेका हुन्।

मधेस प्रदेशबाट उत्कृष्ट पाँचमा पर्न सफल भएका फोटो पत्रकारहरूमध्ये साहको फोटो छनोट भएको हो।

राष्ट्रिय फोटो पत्रकारिता अवार्डका लागि १४ विधामा पुरस्कार प्रदान गरिएको छ।

मधेस प्रदेश उत्कृष्ट फोटो पत्रकारिता विधाका लागि पाँचजना फोटो पत्रकारहरू मनोनयनमा परेका थिए।




पर्साबाट पङ्कज श्रेष्ठ, तिवारी यादव, जियालालप्रसाद साह, कविता खड्का र रौतहटबाट राकेशकुमार चौधरीको मनोनयन परेको थियो।

एनएफपिजेको २५औं वार्षिकोत्सव समारोहमा अर्थमन्त्री जनार्दन शर्मा, खेलकूदमन्त्री महेश्वर गहतराजलगायतले पुरस्कार प्रदान गरेका थिए।

कार्यक्रम संस्थाका अध्यक्ष प्रदीपराज पन्तको सभापतित्वमा सम्पन्न भएको थियो।

## नारायणी अस्पतालका बिरामीलाई खाना वितरण






प्रस, वीरगंज, ६ असोज/

दी साझा फाउन्डेशनले नारायणी अस्पताल वीरगंजमा भर्ना भई उपचार गराइरहेका १२५ जना बिरामी तथा कुरुवाहरूलाई निश्शुल्क खाना वितरण गरेको छ।

सो संस्थाले हप्ताको दुई दिन निश्शुल्क खाना वितरण गर्ने योजना अन्तर्गत आजदेखि खाना वितरण गर्न थालिएको संस्थाका अध्यक्ष अनुराग झाले बताए। खाना वितरण कार्यक्रममा उपाध्यक्ष नितेश पटेल, कोषाध्यक्ष सौरभ पटेल, सचिव सन्दीप साह, सदस्यहरू मुकेश श्रीवास्तव, विक्रम पटेल, विनय कुशवाहा र राइनो युवा क्लबका अध्यक्ष श्याम गुप्ताको सहभागिता थियो।

संस्थाका वरिष्ठ सल्लाहकार दिलीपकुमार सिंह, श्रीरामकुमार दास, सुवास शाही, अनुज पटेल, नरेश चौधरी, सुरज गुप्ता, सचिव सन्दीप साहको पहलमा कार्यक्रम भएको हो।

## खर्च विवरण नबुझाउने उम्मेदवारबाट रु ३० करोड असुल गरिने

त्रिशूली, ६ असोज/रासस

तोकिएको समय सीमाभित्र निर्वाचन खर्च विवरण नबुझाउने नुवाकोटका उम्मेदवारहरूबाट करीब रु ३० करोड जरिवाना असुल हुने भएको छ। निर्वाचन आयोगले हालै सार्वजनिक गरेको समयमा निर्वाचन खर्च विवरण नबुझाउने जिल्लाका १,६९४ जना उम्मेदवारबाट रु २० करोड ९७ लाख ५० हजार जरिवाना असुल गर्नुपर्ने जिल्ला निर्वाचन अधिकारी जयप्रसाद गौतमले जानकारी दिए।

उनका अनुसार विदुर नगरपालिकामा प्रमुख पदका छ र उपप्रमुख पदका पाँच छन्। बेलकोटगढीमा प्रमुख र उपप्रमुख पदका पाँच-पाँच गरेर दश उम्मेवारलाई जरिवाना तोकिएको छ। नगरपालिकाका प्रमुख र उपप्रमुखले जनही रु चार लाख ५० हजार तिर्नुपर्ने भएकोले निर्वाचन खर्च विवरण नबुझाएका २१ जनाबाट कुल रु ९४ लाख ५० हजार जरिवाना असुल गर्नुपर्ने देखिएको छ।

नगरपालिकाको वडाध्यक्ष र वडा सदस्य पदका उम्मेदवार भएर समयमा निर्वाचन खर्च विवरण नबुझाउने उम्मेदवारको सङ्ख्या ४२७ छ। उनीहरूलाई निर्वाचन आयोगले जनही रु दुई लाख जरिवाना तिनुपर्ने निर्णय गरेको छ।

आयोगको निर्णयानुसार नगरपालिकाको वडाध्यक्ष र सदस्य पदका उम्मेदवारबाट रु आठ करोड ५४ लाख असुल गर्नुपर्ने देखिन्छ।

यस्तै गाउँपालिकातर्फ जिल्लामा रहेको १० गाउँपालिकामा अध्यक्ष र उपाध्यक्ष पदका ९० उम्मेदवारले निर्वाचन खर्च विवरण समयमा नुबझाएकाले जरिवानामा परेका छन्। उनीहरूबाट जनही रु तीन लाख ५० हजारका दरले रु तीन करोड १५ लाख असुल गर्नुपर्ने जिल्ला निर्वाचन अधिकारी गौतमले जानकारी दिए।

यस्तै गाउँपालिकाको वडाध्यक्ष र वडासदस्य पदका उम्मेदवार भएर समयभित्र खर्च विवरण नबुझाएका उम्मेदवारको सङ्ख्या १,१५६ छ। उनीहरूलाई निर्वाचन आयोगले जनही रु १,५० हजार जरिवाना लाग्ने निर्णय गरेको छ।

आयोगको निर्णय अनुसार गाउँपालिकाका वडाध्यक्ष र वडासदस्य पदका उम्मेदवारबाट रु १७ करोड ३४ लाख जरिवाना असुल गर्नुपर्ने देखिन्छ।

गत वैशाख ३० मा सम्पन्न भएको निर्वाचनको खर्च विवरण निर्वाचनको मत परिणाम सार्वजनिक भएको ३० दिनभित्र बुझाउनुपर्ने भनिएको थियो। उक्त अवधिमा खर्च विवरण नबुझाउने सूचीमा निर्वाचित जनप्रतिनिधिसमेत उल्लेख्य सङ्ख्यामा रहेका छन्।

जरिवानाको निर्णय भएको छ महीनाभित्र भुक्तानी गरिसक्नुपर्ने जनाइएको छ। निर्वाचित पदाधिकारीले उक्त अवधिमा भुक्तानी नगरे स्वतः पद जाने निर्णय भएकोले खर्च विवरण बुझाउन चासो नदिए पनि जरिवाना शुल्क भने समयमैं दाखिला हुने विश्वास लिएको जिल्ला निर्वाचन अधिकारी गौतमले बताए।




उनका अनुसार निर्वाचन आयोगले गत वैशाख ३० मा सम्पन्न स्थानीय तहको निर्वाचनको उम्मेदवारहरूको नामावली अहिले सार्वजनिक गरेको हो। "कार्यपालिका र जिल्ला समन्वय समितिका अधिकांश उम्मेदवारले पनि खर्च विवरण बुझाउन बाँकी छ"–गौतमले भने–"उनीहरूको हकमा के हुने भन्ने आयोगबाट निर्णय हुन बाँकी छ।"

नुवाकोटमा स्थानीय तह निर्वाचन अन्तर्गत पालिका तह, पालिकाको कार्यपालिका सदस्य र जिल्ला समन्वय समितिसमेत गरेर तीन चरणाको निर्वाचनमा २,१७३ जनाले उम्मेदवारी दिएका थिए। त्योमध्ये तोकिएको समयभित्र खर्च विवरण बुझाउनेको सङ्ख्या ३१२ जना मात्र रहेको थियो।

## अलौंमा घुम्ती शिविर सम्पन्न

प्रस, वीरगंज, ६ असोज/

समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत ग्रीन सिटी सामुदायिक सेवा केन्द्र, आदर्शनगरले वीरगंज महानगरपालिका-२५ अलौंमा निश्शुल्क स्वास्थ्य घुम्ती शिविर सम्पन्न गरेको छ।




वीरगंज सामुदायिक आँखा अस्पताल, रूँगटा वेलफेयर सोसाइटी र प्रभु हस्पिटल वीरगंजको सहयोगमा सम्पन्न भएको शिविरमा निश्शुल्क औषधि पनि वितरण गरिएको थियो।

केन्द्रका अध्यक्ष जयप्रकाश खेतानको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि वडा प्रहरी कार्यालय, श्रीपुरका प्रहरी निरीक्षक डिल्लीराज सापकोटा, प्रनि ध्रुवप्रसाद दाहाल, सशस्त्र प्रनि सुमन थापा, वडाध्यक्ष शम्भु मिश्र, सुरेश रूँगटा, वीरगंज सामुदायिक आँखा अस्पतालका महेशसिंह धामी, व्यवस्थित वीरगंज अभियानका दिलीपराज कार्कीलगायतको सहभागिता थियो।

# रामवनमा चिडियाखानाको शिलान्यास

प्रस, वीरगंज, ६ असोज/

वन तथा वातावरण मन्त्री प्रदीप यादवले रामवनमा स्थापना हुने चिडियाखाना मधेस प्रदेशको प्रमुख पर्यटकीय स्थलको रूपमा विकास हुने बताएका छन् ।


तस्वीरः प्रतीक

बिहीवार वीरगंज महानगरपालिका–३२ रामवनमा चिडियाखाना (प्राणी उद्यान) को शिलान्यास गर्दै उनले रू एक अर्बभन्दा बढी लागतमा चिडियाखाना स्थापना हुने बताए ।

वनमन्त्री यादवले चिडियाखाना स्थापना भएपछि यहाँको विकास र समृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्ने बताए । भदौ २७ मा बसेको मन्त्रिपरिषद बैठकले प्राकृतिक चिडियाखाना स्थापना गर्न स्वीकृति दिने निर्णय गरेको बताउँदै मन्त्री यादवले भने, चालू आवमा चिडियाखाना स्थापनाका लागि रू ९ करोड ५० लाख रूपियाँ विनियोजन गरिएको बताए । उनले नेपाल सरकार यसलाई बहुवर्षीय योजनामा राखेको जानकारी गराए ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशक अजय कार्की संयोजकत्वमा आठ सदस्यीय स्थलगत अध्ययन कार्यदलले प्रस्तावित क्षेत्रमा सरोकारवालासँग छलफल, राय सुझाव सङ्कलन, सन्दर्भ सामग्रीहरूको अध्ययन तथा तथ्याङ्क सङ्कलन गरेको थियो । प्रस्तावित क्षेत्र समथर भूभाग रहेको, सहज पहुँच भएको, पानीको स्रोत रहेको, विद्युतको पहुँच भएको जानकारी गराउँदै कार्यदलले ३.१ हेक्टर जमिनमा विद्यमान अतिक्रमण हटाई सबैया



तस्वीरः प्रतीक

साझेदारीसँग जोडिएको क्षेत्रमा तारबार लगाएर चिडियाखाना स्थापना गर्दा उपयुक्त हुने निष्कर्षसहितको प्रतिवेदन कार्यदलले मन्त्रालयलाई पेश गरेको थियो ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशक अजय कार्कीले वीरगंज महानगर–३१ सोलखपुर र ३२ को रामवनमा प्राकृतिक चिडियाखाना स्थापना भएपछि आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन सकिने दावी गरे ।

चिडियाखानाको क्षेत्रफलभित्र पर्ने ३.१ हेक्टर अतिक्रमण हटाई त्यस क्षेत्रसँग जोडिएका सबैया साझेदारी वन उपभोक्ता समितिको क्षेत्रको सिमानामा तारबार गरिने बताए ।

सबैया साझेदारी वनको पूर्व सिमानामा पर्ने प्रस्तावित चिडियाखानाको क्षेत्रफल ५० हेक्टर छ । जसमा घाँस बुट्यान क्षेत्र ३९.४ हेक्टर, सघन क्षेत्र ७.५ र अतिक्रमण क्षेत्र ३.१ हेक्टर छ । उष्ण साल वन क्षेत्र रहेको त्यहाँ साल, कर्मा मुख्य प्रजातिको रूखहरू छन् । चित्तल, खरायो, वन बिरालो, दुम्सी, बँदेल, चौंका, गरूड, सारस पनि देख्न पाइन्छ भने कहिलेकाहिं बाघमा पनि देखिने गरेको छ ।

यसैगरी घस्रिने जनावरमा कोब्रा, अण्डा खाने सर्प र मुसा खाने सर्प पनि रहेकोले यो क्षेत्रमा चिडियाखाना बनाउन उपयुक्त रहेको वनमन्त्री यादवले बताए ।

कार्यक्रममा प्रदेशसभा सदस्य जन्नत अन्सारी, जीतपुरसिमरा उपमहानगरका प्रमुख राजन पौडेल, पर्सागढी नपाका प्रमुख गोकर्ण पाठकलगायतको सहभागिता थियो ।

यसैबीच वनमन्त्री यादवले मिलनचोकदेखि जगरनाथपुर गाउँपालिकासम्म निर्माण हुने कालोपत्र सडकको बिहीवार शिलान्यास गरेका छन् । मिलनचोकदेखि जगरनाथपुरसम्म सात किलोमिटर कालोपत्र सडक छ करोड लागतमा निर्माण हुने र सोको ठेक्का पप्पु कन्स्ट्रक्शनले लिएको छ । शिलान्यास कार्यक्रममा प्रदेशसभा सदस्य जन्नत अन्सारी, पर्सागढी नपाका वडाध्यक्ष जितेन्द्र यादवलगायतको सहभागिता थियो ।

# पूर्वसचिव मण्डलको निधन

प्रस, रौतहट, ६ असोज/

नेपाल पत्रकार महासङ्घ रौतहटका पूर्वसचिव एवं माधवनारायण नगर पालिकाका प्राविधिक सहायक रवीन्द्र मण्डलको ४८ वर्षको अल्पायुमैं निधन भएको छ ।

नेपाल पत्रकार महासङ्घ रौतहटका अध्यक्ष प्रेमचन्द्र झाले जारी गरेको प्रेस विज्ञप्तिमा रौतहटको पत्रकारितामा एउटा खम्बा रहेको मण्डलको निधनले पत्रकारिता क्षेत्रले एक कुशल र जुझारु पत्रकार गुमाएको उल्लेख छ ।

२०७६ साउन ३१ गते माधवनारायण नगरपालिकाको कामले काठमाडौंबाट बसमा फर्किने क्रममा बस दुर्घटना हुँदा गम्भीर घाइते भएका मण्डललाई केही दिनदेखि गौर अस्पतालमा भर्ना गरिएको थियो । विगत चार वर्षदेखि उपचाररत मण्डलको हिजो बुधवार राति ८:४५ बजे उपचारको क्रममा निधन भएको हो । मण्डलका पत्नी, दुई छोरा र तीन छोरी छन् ।




**डेंगीबाट बच्ने उपायहरू:**

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा कीटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी ट्याङ्की, फूलदानी, गमलामा राखिएका प्लेटहरू राम्ररी सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# खेलकूदको संसार

## चेस छनोट प्रतियोगिताको फाइनल शुक्रवार

प्रस, वीरगंज, ६ असोज/

नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता अन्तर्गत चेस खेलको छनोट प्रतियोगिता वीरगंजमा जारी छ ।


तस्वीरः प्रतीक

बिहीवारसम्म चौथो राउन्ड सकिंदा सप्तरीका मनोज विश्वकर्मा चारवटै खेलमा विजयी भएर अग्रस्थानमा कायम रहेको मुख्य प्रशिक्षक रामकिशोर सिंह (पराग)ले बताए । यसैगरी चारवटा खेलमध्ये तीनवटा खेल जितेर बाराका नारायण चौधरी, सर्लाहीका रवीन्द्रबहादुर थापा, सप्तरीका सिंगेश्वर दास र महेश चौधरी दोस्रो स्थानमा छन् । महिलातर्फ सिराहाकी सञ्जीता महतो अग्रस्थानमा रहेको मुख्य प्रशिक्षक परागले बताए ।

छनोट प्रतियोगिताको फाइनल खेल शुक्रवार बिहान सम्पन्न हुने उनले जानकारी गराएका छन् ।

## अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलका लागि खेलाडी छनोट

काठमाडौं, ६ असोज/रासस

बङ्गलादेशविरूद्धको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फुटबल खेलका लागि २३ सदस्यीय नेपाली टोलीको घोषणा भएको छ । अखिल नेपाल फुटबल सङघ (एन्फा)द्वारा आज यहाँ आयोजित पत्रकार सम्मेलनमा राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक प्रदीप हुमागाईंले बन्द प्रशिक्षणमा रहेका ३० खेलाडीबाट २३ सदस्यीय टोलीको अन्तिम घोषणा गरेका हो ।

छनोट हुने नेपाली टोलीको गोलरक्षकमा किरण चेम्जोङ, विकेश कुथु, विशाल श्रेष्ठ र दीप कार्की छन् । यसैगरी डिफेन्डरमा अननत तामाङ, रोहित चन्द, विकास तामाङ, दिनेश राजवंशी, विकास खवास, सुमन अर्याल र रञ्जित धिमाल रहेका छन् । मिडफिल्डरमा सेसेहाङ आङदम्बे, तेज तामाङ, विशाल राई एरिक विष्ट, सुरजज्यू ठकुरी, सुदीप गुरूङ र सुजल श्रेष्ठ छन् ।

फरवार्डमा विमल घर्तीमगर, रितिक खड्का मनिष डाँगी अन्जन विष्ट र आशिष चौधरी रहेका छन् । टोलीमा थ्रिस्टार क्बलका खेलाडी रितिक खड्का र चर्च ब्वाइज युनियन क्लबका आशिष चौधरी टोलीमा नयाँ खेलाडी हुन् । नेपाल र बङ्गलादेशबीचको खेल यही असोज ११ गते त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा हुनेछ ।

# दुर्व्यवहारको छानबीन गर्न महासङ्घको माग

प्रस, रौतहट, ६ असोज/

रौतहटका पत्रकार रूपेन्द्र पटेललाई चन्द्रपुर अस्पताल प्रालिका सञ्चालक डा सुभाष चौधरीले गरेको दुर्व्यवहारको घटनाप्रति नेपाल पत्रकार महासङ्घ रौतहटको गम्भीर ध्यानाकर्षण भएको छ ।

समाचार लेखेकै कारण पत्रकार पटेललाई अपहरणशैलीमा अस्पतालभित्र ल्याइ डर, धाक, त्रास देखाइ माफी मगाउन लगाएको र सोको भिडियो बनाउने कार्य घोर निन्दनीय रहेको महासङ्घले ठहर गरेको प्रेस विज्ञप्तिमार्फत जनाएको छ ।

समाचार चित्त नबुझे प्रेस काउन्सिल नेपाल तथा सम्बद्ध निकायमा उजूरी दिन सक्ने प्रावधान हुँदाहुँदै डा चौधरीले केही असामाजिक तत्त्वसँगको साँठगाँठमा पत्रकार पटेललाई गरेको दुर्व्यवहारको छानबीन गर्न र डा चौधरीको नेपाल मेडिकल काउन्सिलको दर्तासमेत खारेज गरी कानून अनुसार दण्डित गर्न महासङ्घले जोडदार माग गरेको छ ।

नेपमहासङ्घ रौतहटका अध्यक्ष प्रेमचन्द्र झाद्वारा हस्ताक्षरित प्रेस विज्ञप्तिमा प्रेस स्वतन्त्रताविरुद्ध गरेको कार्यप्रति छानबीन गर्न माग गरिएको छ ।

# सामानसहितको तीनवटा ट्रक राजस्व अनुसन्धान चलान

प्रस, वीरगंज, ६ असोज/

जिल्ला प्रहरी कार्यालय, पर्साले बिलबीजकभन्दा बढी सामान बोकेको तीनवटा ट्रक नियन्त्रणमा लिएर कारबाईको लागि राजस्व अनुसन्धान कार्यालय, पथलैया चलान गरेको छ ।

जिप्रका, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक गिरीले असोज ५ गते बुधवार राति १२ बजेको समयमा दुईवटा ट्रक घण्टाघर र माईस्थान क्षेत्रबाट तथा एउटा ट्रक आदर्शनगरबाट नियन्त्रणमा लिएको बताए ।

उनले हार्डवेयर र खुद्रा सामान बोकेको ना.५ख ४८३१ नं को ट्रकलाई आदर्शनगरबाट, औषधि र खुद्रा सामान रहेको ना.६ख ३३७३ र ना.७ख ६८७५ नं का ट्रक घण्टाघर र माईस्थानबाट नियन्त्रणमा लिएको र बिलबीजकभन्दा बढी सामान बरामद भएपछि आवश्यक कारबाहीको लागि बिहीवार राजस्व अनुसन्धान कार्यालय, पथलैया चलान गरिएको बताए ।



बरामद ट्रक । तस्वीर सौजन्यः जिप्रका, पर्सा

**भीमफेदीमा सवारी....**

दुर्घटना हुँदा घटनास्थलमा पाँचको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रूकुमपूर्वका प्रहरी नायब उपरीक्षक प्रकाश डाँगीले जानकारी दिए ।

मृतकको सनाखत हुन बाँकी रहेको बताउँदै उनले उक्त बसमा सवार १७ मध्ये १३ जना घाइते भएका र तीनको अवस्था गम्भीर रहेको बताए । घाइते सबैको रूकुमपूर्व अस्पतालमा उपचार भइरहेको प्रहरी नायब उपरीक्षक डाँगीले जनाए । उनका अनुसार घटनास्थलमा उद्धार कार्य भइरहेको छ । घाइतेलाई हेलिकप्टरबाट उपचारका लागि लैजाने पहल भएको छ ।

नेपाली सेनाको नरसिङ दल गुल्म रूकुमपूर्वका सेनानी बाबुलाल जिसीले घाइतेको उपचारका लागि सुर्खेतबाट हेलिकप्टर ल्याउने तयारी भइरहेको जानकारी दिए ।

**कर्जासम्बन्धी.........**

कारोबारलाई मात्र आधार मान्ने भएकाले उद्योगी–व्यापारीहरूका वस्तुहरू बजारमा उधारो पनि गएका हुन्छन्, उधारोलाई नमान्दा उद्योगी–व्यापारीहरू डुब्छन्, जसले गर्दा यो नीतिको विरोध जनस्तरबाट नै गर्नुपर्नेमा उनले जोड दिए ।

प्रत्येक वर्ष कर्जा पुनर्तालिकीकरण गर्दा सेवा शुल्क तथा अन्य शुल्क तिर्नुपर्दा उद्योग–व्यापारमा सञ्चालन खर्च वृद्धि भई बजारमा प्रतिस्पर्धा गर्न सक्ने अवस्था नै नरहने उनको भनाइ थियो ।

प्रदेश अध्यक्ष गणेश लाठको सभापतित्वमा भएको कार्यक्रममा गोपाल वीउवासङ्घका अध्यक्ष सुबोध गुप्ता, वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, पूर्वअध्यक्षहरू अशोक बैद, अशोक टेमानी, प्रदीप केडियालगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन पत्रकार ओमप्रकाश खनालले गरेका थिए ।

कार्यक्रममा वीरगंज, जीतपुरसिमरा, बारा, रौतहट, लालबन्दी, बर्दिवास, मलङ्गवा, गौशाला, जनकपुरधाम, जलेश्वर, महोत्तरी, गोलबजार, रामनगर मिर्चैया, सिराहा, लहान, सर्लाही गरी १६ वटा उद्योग वाणिज्य सङ्घका प्रतिनिधिहरूको सहभागिता थियो ।

यस नीतिको विरोधमा आज उद्योगी–व्यापारीहरूले अलखियामठ चोकबाट विरोध जुलुस निकाली नगरपरिक्रमा गर्दै नेराबैंकमा पुगी ज्ञापनपत्र बुझाएका थिए ।